# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ७, अङ्क ३१, पूर्णाङ्क ३०१ | २०७८ फागुन ११ गते बुधबार | Wednesday, 23 Feb 2022 | www.eratokhabar.com | मूल्य रु. १०


## महासचिव विप्लवद्वारा पदमकुमारी गुरुङप्रति श्रद्धाञ्जली व्यक्त

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले नेकपा साधारण शाखा सदस्य तथा राष्ट्रिय उद्योग वाणिज्य महासङ्घकी केन्द्रीय सदस्य उमा गुरुङकी आमा पदमकुमारी गुरुङप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका छन् । ७ चैत १९९० मा ओखलढुङ्गामा जन्मिएकी पदमकुमारी गुरुङको ८८ वर्षको उमेरमा यही २०७८ साल फागुन चार गते निधन भएको हो । महासचिव विप्लवले नेकपाकी सदस्य उमाका साथै शोकसन्तप्त सम्पूर्ण आफन्तजनमा हार्दिक समवेदना पनि व्यक्त गरेका छन् ।

महासचिव विप्लवद्वारा आज जारी शोक वक्तव्यमा भनिएको छ, 'हाम्रो महान् तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टी साधारण शाखा सदस्य तथा राष्ट्रिय उद्योग वाणिज्य महासङ्घकी केन्द्रीय सदस्य उमा गुरुङकी आमा ओखलढुङ्गा, रुम्जाटार ८ स्थायी घर भएकी पदमकुमारी गुरुङ (जन्म मिति ७ चैत १९९०) को यही ... बाँकी पृष्ठ ७ मा

# चौतर्फी विरोधका बीच राष्ट्रघाती एमसीसी सम्झौता संसद्मा टेबुल

### प्रतिरोधमा उत्रिएका आन्दोलनकारीमाथि गोली प्रहार !





■ **रातोखबर संवाददाता**/काठमाडौं

नेकपालगायत देशभक्त, क्रान्तिकारी राजनीतिक पार्टी र जनताको व्यापक विरोध र असहमतिलाई लाठी, गोली, अश्रुग्याँस र पानीको फोहोराले दमन गर्दै काङ्ग्रेस, माओवादी केन्द्र, जसपालगायत दलले राष्ट्रघाती एमसीसी सम्झौता संसद्मा टेबुल गरेका छन् । नेपाली काङ्ग्रेसले पार्टीस्तरबाटै एमसीसी संसद्मा टेबुल गर्ने र पारित गर्ने निर्णय गऱ्यो भने माओवादी केन्द्रले भित्रभित्रै एमसीसी टेबुल गर्न दिने सहमति गरी बाहिर देखाउनका लागि कार्यकर्तालाई प्रदर्शनमा उतारयो । यस्तै द्वैधचरित्र माधव नेपाल समूह र बाबुराम भट्टराईहरूले पनि देखाए । केपी वली नेतृत्वको एमालेमा पनि पार्टीगत रूपमा एमसीसीका पक्षमै आवाज आयो भने भीम रावललगायत केही पात्रले मात्र यसको विरोध गरे । सडकमा एमसीसीविरुद्ध उत्रिएका नेकपालगायत राजनीतिक पार्टीका नेता, कार्यकर्ता र जनतामाथि देउवा सरकारले जनआन्दोलन बिर्साउने गरी क्रूर र निन्दनीय दमन गरेर एमसीसी भित्रिएपछि अमेरिकाले नेपाललाई कसरी रणमैदान बनाउँछ भन्ने कुराको ... बाँकी पृष्ठ ७ मा

## नेकपाका युवा नेता खड्का तीन वर्षपछि जेलमुक्त

**काठमाडौँ।** नेकपाका युवानेता लोकेन्द्र खड्का झन्डै तीन वर्ष लामो जेलजीवन बिताएर सोमबार नख्खु जेलबाट मुक्त भएका छन् । सर्वोच्चमा परेको रिटमा सुनुवाइ हुँदा खड्कालाई साधारण तारेखमा रिहा गर्ने आदेश भएको हो । खड्कालाई उनकी पत्नी धनमाया डाँगी ... बाँकी पृष्ठ ७ मा

## कार्यालयमै मदिरा पिउने वडा अध्यक्षमाथि नेकपाको जनकारबाही

**कमल विक**/अछाम

कार्यालयमै मदिरा पिएर सेवाग्राहीलाई गाली गर्ने तुर्माखाद गाउँपालिका वडा नं ६ का वडाध्यक्ष मुक्तिनाथ उपाध्यायलाई नेपाल कम्युनिस्ट पार्टीले चेतावनीसहित सार्वजनिक रूपमा माफी माग्न ... बाँकी पृष्ठ ७ मा

## सहिदका बुबाप्रति नेकपा कपिलवस्तुद्वारा श्रद्धाञ्जली

**काठमाडौँ ।** सहिद चेतमान परियार 'आकाश' का बुबा कर्णबहादुर परियारप्रति नेकपा कपिलवस्तुले हार्दिक श्रद्धाञ्जली प्रकट गरेको छ ।

जिल्ला इन्चार्ज जुझारु र सेक्रेटरी कमलद्वारा बिहीबार जारी शोक वक्तव्यमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टीका पार्टी सदस्य सहिद चेतमान परियार क. ... बाँकी पृष्ठ ७ मा

## नेकपाका महासचिव विप्लवद्वारा एमसीसी टेबुल भएको घटनाप्रति गम्भीर विरोध

### एमसीसी खारेज नभएसम्म सचेत बन्न र राष्ट्रिय स्वाधीनताको सङ्घर्षमा जोडदार रूपले सहभागी हुन विशेष आग्रह

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेकपाका महासचिव विप्लवले राजनीतिक पार्टी र देशभक्त नागरिकको व्यापक विरोध हुँदाहुँदै पनि पाँचदलीय गठबन्धन सरकारले संसद्मा एमसीसी टेबुल गरेको र आन्दोलनकारी शक्तिमाथि क्रूर दमन गरेको घटनाको घोर विरोध र भर्त्सना गर्दै एमसीसी खारेज नभएसम्म विशेष रूपले सचेत बन्न र राष्ट्रिय स्वाधीनताको सङ्घर्षमा जोडदार रूपले सहभागी हुन विशेष आग्रह गरेका छन् ।

महासचिव विप्लवले आइतबार साँझ वक्तव्य जारी गर्दै भनेका छन्, 'आज २०७८ फागुन ८ गते गठबन्धन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली काङ्ग्रेस पार्टीको निर्णयअनुसार संसद्मा राष्ट्रघाती सम्झौता एमसीसी पेस गरेका छन् । अत्यधिक राजनीतिक पार्टी, देशभक्त शक्ति एवम् नागरिकहरू, बुद्धिजीवी, युवा र विद्यार्थीहरूको कडा आपत्ति, विरोध र सङ्घर्षका बाबजुद राष्ट्रघाती सम्झौता पास गर्नका लागि संसद्मा पेस गर्ने घातक कार्यको हाम्रो पार्टी घोर भर्त्सना गर्दछ । देशको सार्वभौमिकता एवम् स्वाधीनताप्रति सचेत एवम् समर्पित साझा नागरिकहरूले उक्त राष्ट्रघाती एवम् दलालीगिरी कार्यको विरोध गर्दा आज बानेश्वर क्षेत्रमा जसरी फासिस्ट प्रकारले रबरका गोली, अश्रुग्याँस, पानीको फोहोरा र लाठीचार्ज गरेर क्रूर दमन गरिएको छ त्यसको पनि कडा रूपले विरोध गर्दछ । राष्ट्रिय स्वाधीनताको सङ्घर्षमा निर्भीकतापूर्वक होमिने सबै नागरिकप्रति ... बाँकी पृष्ठ ७ मा

## एमसीसीविरुद्ध शक्तिशाली र जुझारु नेपाल बन्द

### बन्दमा जनस्तरबाटै सहयोग, आन्दोलनकर्मीमाथि राज्यको नाङ्गो दमन

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीसहित पाँच पार्टी र एक मोर्चाको आह्वानमा ४ गते भएको शक्तिशाली र जुझारु नेपाल बन्द प्रभावकारी बनेको छ । नेकपाका महासचिव विप्लव, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेल, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, नेकपा माओवादी केन्द्र समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक आहुतीले मङ्गलबार अपराह्न संयुक्त विज्ञप्ति जारी गरी नेपाल बन्द आह्वान गरेका थिए ।

एमसीसीविरोधी नेपाल ... बाँकी पृष्ठ ७ मा

### ८ राजनीतिक दलद्वारा एमसीसीविरुद्ध साताव्यापी सङ्घर्ष घोषणा

## सांसदलाई अनुरोध गर्नेदेखि संसद् भवन घेराउसम्म

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेकपासहित ६ राजनीतिक दल र दुई मोर्चाले राष्ट्रघाती एमसीसीविरुद्ध फागुन १६ गतेसम्मको सङ्घर्षका कार्यक्रम घोषणा गरेका छन् । कार्यक्रममा फागुन ११ गते उपत्यकामा सांस्कृतिक क्षेत्रलगायतको विरोध प्रदर्शन, फागुन ११ गते साँझ देशव्यापी मशाल जुलुस, १२ गते देशव्यापी जिल्ला प्रशासन कार्यालय घेराउ, काठमाडौँ उपत्यकामा माइतीघर मण्डलाबाट प्रदर्शनसहित संसद् भवन घेराउ, १३ गते देशव्यापी कोणसभा, १४ गते देशव्यापी जिल्ला प्रशासन कार्यालय घेराउ, काठमाडौँ उपत्यकामा माइतीघरमण्डलबाट प्रदर्शनसहित संसद् भवन घेराउ, १५ गते काठमाडौँमा विशाल विरोध प्रदर्शन एवम् बृहत् संयुक्त विरोधसभा, देशव्यापी विरोध प्रदर्शन, विरोधसभा र १६ गते विशेष सङ्घर्षसहित सङ्घीय सांसदहरूलाई एमसीसीविरुद्ध खडा हुन पत्राचार गर्ने रहेका छन् ।

एमसीसीविरुद्ध जारी आन्दोलनको नेतृत्व गरिरहेका दलहरूद्वारा जारी संयुक्त प्रेस विज्ञप्तिको पूर्ण विवरण यसप्रकार रहेको छ :

१. एमसीसी कम्प्याक्टविरुद्ध आमराष्ट्रवादी नेपाली जनता देशव्यापी रूपमा आन्दोलित हुँदाहुँदै शेरबहादुर देउवा सरकारले फागुन ८ गते संसद्मा जबर जर्स्ती टेबल गर्नु घोर राष्ट्रघाती आत्मसमर्पणवादीुर अमेरिकी साम्राज्यवादको नाङ्गो दलाली भएको निष्कर्ष निकाल्दै उक्त कदमको घोर निन्दा एवम् भर्त्सना गर्दछौं ।

२. हाम्रो आयोजना र एमसीसी कम्प्याक्ट संसद्मा प्रस्तावित गर्ने देउवा सरकारको मूर्खताविरुद्ध सङ्घर्षरत जनसमुदायको सहभागितामा फागुन ८ गतेको विरोध प्रदर्शन र संसद् भवन घेराउ कार्यक्रममाथि रबरको गोली, अश्रुग्याँस, पानीको फोहोरा प्रहार र लाठी चार्ज गरी देउवा सरकारले गरेको दमन निरङ्कुश र फासिवादी भएको ठहर गर्दै त्यसको कडा रूपमा विरोध गर्दछौं ।

३. फागुन ८ गतेको विरोध प्रदर्शन र घेराउ कार्यक्रममाथि नाङ्गो हस्तक्षेप ... बाँकी पृष्ठ ७ मा

## एमसीसीका विषयमा चीन र अमेरिका आमनेसामने !

### 'बलजफ्ती कूटनीति' को विरोध गर्छौं : चीन, हिंसा स्वीकार्य छैन : अमेरिका

■ **रातोखबर संवाददाता**/काठमाडौं

अमेरिकी साम्राज्यवादले नेपालमा सहयोगका नाउँमा एमसीसी नाउँको परियोजना संसद्बाटै पारित गराएर लाद्न गरेको प्रयत्नका विषयमा चीनले आपत्ति प्रकट गरेको छ भने अमेरिकाले एमसीसीविरुद्ध सडकमा व्यक्त जनमतलाई कथित हिंसाको संज्ञा दिएको छ । एमसीसीविरोधी आन्दोलनमा जनसहभागिता व्यापक बन्दै गएको समयमा शुक्रबार आन्दोलन भाँड्ने उद्देश्यले अज्ञात समूहले कलङ्की क्षेत्रमा कुकर बम आतंक मच्चाएको थियो । यही समयमा अमेरिकाले नेपालको सडक आन्दोलनलाई हिंसाको संज्ञा दिएको हो ।

चीनले एमसीसीलाई आधार बनाएर अमेरिकाले नेपालमा 'बलजफ्ती कूटनीति' गरेको भन्दै विरोध गरेको छ । मिलिनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) अनुमोदन नभए चिनियाँ हस्तक्षेपका कारण आफ्नो अनुदान सहयोग नलिएको बुझ्ने अमेरिकी चेतावनीलाई चीनले 'बलजफ्ती कूटनीति' भनेको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिङले आफूहरू 'बलजफ्ती कूटनीति' को विपक्षमा रहेको बताएका छन् ।

'अन्तर्राष्ट्रिय समुदायको नेपालसँग सहकार्य, नेपालको अर्थतन्त्र विकास र जीविकामा सुधारका लागि गर्ने सहयोगको चीन स्वागत गर्छ', प्रवक्ता वेनबिङले भनेका छन्, 'तर यो नेपाली जनताको चाहना र राजनीतिक सर्तबिना हुनुपर्छ ।'

'नेपालको असल ... बाँकी पृष्ठ ७ मा

## एमसीसीविरुद्धको सङ्घर्ष र सकारात्मक पक्ष

**देश/परिवेश**

■ विप्लव



एमसीसी सम्झौता राष्ट्रिय स्वाधीनतासँग जोडिएपछि सडक र संसद्मा सङ्घर्ष तेज बनेको छ । सडकमा नागरिकहरू एमसीसीविरुद्ध उत्रिएका छन् । यसको नेतृत्व नेपाल कम्युनिस्ट पार्टी, सात क्रान्तिकारी पार्टीहरू तथा देशभक्त शक्तिहरूले गरेका छन् भने संसद्मा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनमोर्चालगायतले गरिरहेका छन् । सम्भवतः ०६४ सालपछि राष्ट्रिय स्वाधीनताका कारण देशमा सबैभन्दा ठूलो राजनीतिक ध्रुवीकरण देखापरेको छ जसको कारण पहिले नै हुनसक्ने एमसीसी सम्झौताको कानुनी अनुमोदन केही समयका लागि भए पनि रोकिँदै आएको छ । यसलाई खुलेआम र कानुनी रूपबाट नै राष्ट्रघात हुने लज्जाजनक स्थितिलाई प्रतिरोध गरिएको सकारात्मक प्रयत्नका रूपमा लिनुपर्छ । खारेजसम्म पुऱ्याउन सकियो भने नेपालले स्वाधीनताको लडाइँमा ठूलो सफलता प्राप्त गरेको साबित हुनेछ ।

कुनै पनि राष्ट्रका बीचमा सहयोग आदानप्रदान हुने विषयलाई स्वाभाविक रूपमा लिनुपर्छ । सामान्यतः सम्पन्न, विकसित र शक्तिशाली देश भनिनेहरूले कमजोर बनाइएका देशहरूलाई सहयोग गर्नु राम्रो कुरा नै हो । धेरै देशले स्रोत-साधन सम्पन्न नेपाल देशका नालायक शासकहरूलाई दया देखाएर सहयोग गर्दै पनि आएका छन् तर अहिले अमेरिकाले सहयोगका नाममा विश्व राजनीतिको शक्ति सङ्घर्षमा नेपाललाई जसरी आफ्नो पक्षमा उपयोग गर्न वा नियन्त्रण गर्न जोरजबर्जस्ती गरिरहेको छ यो कदापि सही र हितकारी छैन ।

अमेरिकाले आफ्नो ताकत र दबाबको बल एवम् सम्झौताका नाममा नेपालको कानुनमाथि आफ्नो कानुन हाबी गराउने, नेपालको सुरक्षा व्यवस्थामा आफ्नो सुरक्षा व्यवस्था माथि पार्ने, नेपालको प्रशासनमाथि आफ्नो प्रशासन माथि पार्ने, नेपाली अर्थतन्त्रमा आफ्नो आर्थिक नियममाथि पार्ने खेल खेल्दैछ । यो एक खालको औपनिवेशिक चालभन्दा केही होइन । अमेरिकाको उद्देश्य नेपाललाई आफ्नो मुठीमा पार्ने, यहाँको स्रोतसाधन, भूगोल र राज्यमा नियन्त्रण जमाउने त छ नै साथसाथै नेपालमा टेकेर दक्षिणएसिया र एसियामा आफ्नो प्रभाव जमाउने पनि छ । अमेरिकी भूमण्डलीकृत साम्राज्यवादी चाललाई भारत र चीन दुवैले राम्रोसँग बुझेका छन् । हाम्रो अध्ययनमा चीन र भारत दुवै यसबाट सन्तुष्ट छैनन् । चीनले त बोली नै हाल्यो भने भारतले पनि यसलाई नरुचाएको उसका मुखौटाहरूका अभिव्यक्तिबाट बुझ्न सकिन्छ । यद्यपि ... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# राष्ट्रिय सहिद घोषणा गर

दसौं हजार योद्धाहरूले राष्ट्रियता, जनतन्त्र, जनजीविका र वैज्ञानिक समाजवाद स्थापनाका लागि बलिदान गरेर निर्माण गरेको, जोगाएको मुलुक राष्ट्रघाती एमसीसी लाद्ने षड्यन्त्रपछि फेरि गम्भीर राष्ट्रघातको चपेटामा परेको छ । नेपाली भूमि कालापानीमा एकातिर भारतीय साम्राज्यवादी सैनिक परेड खेलिरहेका छन् भने अर्कातिर नेपालका लिपुलेक, लिम्पियाधुरा क्षेत्रमा भारतीय साम्राज्यवादले सडक खन्ने बहानामा डोजर चलाइरहेको छ । नेपालका शासकहरू भारतीय साम्राज्यावादसामु नतमस्तक छन् । जनताको आन्दोलन र बलिदानको भरमा नेपालको राष्ट्रियता टिकेको छ । यहीबीचमा अमेरिकी साम्राज्यवाद नेपालको राष्ट्रियतामाथि गम्भीर धावा बोल्दै एमसीसी नाउँको दीर्घकालीन युद्धरणनीति बोकेर भित्रिएको छ र दलाल पुँजीवादी शासकहरूले हरियो डलरमा बिकेर राष्ट्रियतामाथि आघात पुर्‍याउँदै सडकमा जनताको रगत बगाउँदै पारित गरेर लागू गर्ने उद्देश्यले संसद्मा एमसीसी टेबुल गराएका छन् । संसद्वादी दलहरूको यो हर्कतले राष्ट्रघात त गरेकै छ, महान् सहिदहरूको घोर अपमान गरेको छ । त्यसैले यो निन्दनीय र खेदजनक छ । सहिद सप्ताह २०७८ का अवसरमा हामी सर्वप्रथम महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं र सहिदको सपनामा घात गर्ने राष्ट्रघातीहरूका हर्कतप्रति घोर निन्दा र खेद प्रकट गर्दछौं ।

देश, श्रमिक/सर्वहारा वर्ग र जनताको मुक्तिलाई केन्द्रमा राखेर महान् जनयुद्ध आरम्भ गर्ने पुष्पकमल दाहालहरूले नै जनयुद्ध आरम्भ गर्दा नेकपाका मागहरूबारे कुनै सुनुवाइ नगर्ने र बेवास्ता गर्दै उल्टै दमन र हत्याअभियान सञ्चालन गर्ने शेरबहादुर देउवासँग भित्रभित्रै मिलेर सुगौली, महाकाली, कोसी, गण्डक, टनकपुर, महाकाली, बिप्पाभन्दा पनि गम्भीर राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट पारित गर्न टेबुल गरे/गराएका छन् र एमसीसीविरुद्ध सडकमा उत्रिएका आन्दोलनकारीमाथि गोली प्रहार गरे/गराएर रगत बगाएका छन् । एमसीसीको राष्ट्रघातमा पनि नालापानी, कालापानी र लिपुलेककै स्तरमा जनआन्दोलन उठेको छ र एमसीसीलाई लिएर विश्व-साम्राज्यवादी महाशक्ति अमेरिका र एक किसिमको समाजवादको अभ्यास गर्दै आएको मानिएको छिमेकी मुलुक चीन एकापसमा टक्कराउने अवस्था उत्पन्न भएको छ । अमेरिकी साम्राज्यवाद कुनै पनि बहानामा नेपालमा एमसीसी लादेर नेपाललाई रणमैदान बनाउने, नेपालको प्राकृतिक सम्पदा दोहन गर्ने र उदाउँदो महाशक्ति चीनको तेजोबध गर्ने षड्यन्त्रमा छ । दलाल पुँजीवादी शासकहरूको नालायकी र पामरपनका कारण आज मुलुकको राष्ट्रियता फेरि साम्राज्यवादी अतिक्रमण र हस्तक्षेपको खतरामा परेको छ । यो निन्दनीय छ ।

देशमा यस्ता विकृत र विसङ्गतपूर्ण दृश्यहरू देखिइरहँदा २०७८ सालको सहिद सप्ताह आएको छ । झापा विद्रोहका योद्धाहरूको बलिदान भएको दिन फागुन २१ र जनयुद्धमा दिलबहादुर रम्तेलको बलिदान भएको दिन फागुन १४ लाई जोडेर जनयुद्धकालमा सहिद सप्ताह आरम्भ भएको थियो । यो महान् जनयुद्धले स्थापना गरेको विशेष दिन र विशेष पर्व हो । यो सहिद सप्ताहमा आमूल परिवर्तनका पक्षधरहरूले निरङ्कुश राणा शासनविरुद्ध बलिदान गर्ने लखन थापा, कृष्णलाल अधिकारी, १९९७ सालका चार सहिददेखि चिनियाँकाजी, भीमदत्त पन्त, झापा विद्रोह, २०३६, २०४२, २०४६ सालको जनआन्दोलनका सहिद, महान् जनयुद्धका सहिद हुँदै एकीकृत जनक्रान्तिको बलिदानसम्म आइपुग्दा नेपाल र नेपाली जनताको मुक्तिका लागि बलिदान गर्ने महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सहिद, बेपत्ता योद्धा, घाइते अपाङ्ग र आमउत्पीडित श्रमिक जनतासँग महान् सहिदका सपना पूरा गर्न सहिदले देखाएको बाटोमा निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गर्दछौं र महान् जनयुद्ध र एकीकृत जनक्रान्तिमा त्याग, शौर्य र बलिदान गर्ने योद्धाहरूलाई राष्ट्रिय सहिद घोषणा गर्न माग गर्दछौं । दलाल सत्ताको संरक्षक बनेका हिजो जनयुद्धका नायक पुष्पकमल दाहालहरूलाई गौरवशाली इतिहासप्रति कृतघ्न नबन्न र आफू सत्तामा भएको समयमा इतिहासप्रति थोरै भए पनि न्याय गर्न आग्रह पनि गर्दछौं । मधेस प्रदेशले इतिहासमै पहिलोपल्ट प्रदेश स्तरमा जनयुद्ध दिवस मनाइरहँदा पुष्पकमल दाहालहरूले महान् जनयुद्धका सहिदहरूलाई राष्ट्रिय सहिद घोषणा गराउन पहल गर्न नसक्ने भन्ने हुँदैन । उनको इच्छाशक्ति भएमा ६२ प्रतिशत कम्युनिस्ट नाउँको मत पाएका दलहरूको वर्चस्व रहेको समयमा कम्युनिस्ट आन्दोलनमा बलिदान गर्ने योद्धाहरूलाई सडकबाटै सहिद घोषणा गर्न दबाब दिन पनि कुनै पनि कुराले रोक्दैन । रोक्ने भनेको विचार, राजनीति, जिम्मेवारी र इच्छाशक्तिले नै हो । सहिद सप्ताहका अवसरमा क्रान्तकारीहरूले महान् सहिदहरूलाई राष्ट्रिय सहिद घोषणा गर्नका लागि पुरानो सत्ता र शासकहरूलाई दबाब दिनु आवश्यक छ । यो सन्दर्भ पनि क्रान्तिकारीहरूको आन्दोलनको एजेन्डा बन्नुपर्दछ ।

आज महान् सहिद र बेपत्ता योद्धाका सपनाहरूलाई धरापमा पारिएको छ । महान् श्रमिक-उत्पीडित जनताका सपनालाई धराशायी बनाइएको छ । हिजोका माग, प्रतिबद्धता, त्याग, शौर्य र बलिदानलाई बेवास्ता गर्दै निरन्तर मुलुकमाथि थप राष्ट्रघात लादिएको छ । यसका विरुद्ध उठेको जनलहर र जनआन्दोलन/जनविद्रोहलाई लालसलाम छ । सडकमा निस्किएका देशभक्तहरूले छातीमा गोली थापेर पनि राष्ट्रघाती एमसीसीको विरोध गरेका छन् र राष्ट्रघाती हर्कत अस्वीकार गरेका छन् । एकपटक फेरि नेपाली जनता राष्ट्रियताका लागि बलिदान गर्ने स्तरसम्म आन्दोलित बनेको छ । यो देशभक्तिपूर्ण स्पिरिट जनक्रान्ति र वैज्ञानिक समाजवादसम्म कायम राख्नुपर्छ । सहिद सप्ताह २०७८ का अवसरमा हामी सबैले शपथ खाऔं- कुनै पनि बहानामा महान् सहिदरुको सपनामाथि प्रचण्ड-बाबुरामहरूले गरेजस्तो घात हुनेछैन । दलाल पुँजीवादी व्यवस्था समाप्त पारेर त्यसको चिहानमा ठडिने वैज्ञानिक समाजवाले मात्र सम्पूर्ण महान् सहिदहरूका सपना साकार पर्नेछ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको रक्षा पनि वैज्ञानिक समाजवादले नै गर्नेछ । त्यसैले वैज्ञानिक समाजवाद स्थापनाको दिशामा अघि बढ्न हामी आह्वान गर्दछौं ।

## रातो खबर साप्ताहिकको सूचना !

**रातो खबरको आगामी अङ्क सहिद सप्ताह २०७८ विशेष अङ्कका रूपमा प्रकाशन हुने जानकारी गराइन्छ । विशेष अङ्कका लागि जनयुद्ध, महान् सहिद, बेपत्ता योद्धा, बलिदान, त्याग, शौर्यका बारेमा सिर्जना गरी रचनाहरू पठाइदिनुहुन र आआफ्ना क्षेत्रका शुभकामना, व्यावसायिक सूचना/विज्ञापन र सन्देशहरू सम्प्रेषण गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।**

**■ रातो खबर प्रकाशन गृह**

# २७ औं जनयुद्ध दिवसको सम्झनामा



सन्तोष बुढामगर

*वर्तमान अवस्थामा जाम खाएको वा अकर्मण्यतामा फसेको नेपालको राजनीतिक भुमरीबाट देशलाई सङ्कटमोचन गर्ने हो भने अहिलेको सबभन्दा उपयुक्त राजनीतिक निकास जनमतसङ्ग्रह नै हो र देशलाई समृद्धि र विकास तथा नेपाली जनतालाई स्वाधीनता र स्वतन्त्रता दिने हो, भयो । यसको पनि सबभन्दा वैज्ञानिक-राजनीतिक कार्यदिशा एकीकृत जनक्रान्ति नै हो । यो जनयुद्धको विकासप्रक्रियाको एउटा पाइला हो । यो कार्यदिशालाई सबैले आत्मसात गर्ने हो भने यो देशमा सबभन्दा कम क्षति र सबभन्दा कम रक्तपात गरेर क्रान्ति सम्पन्न गर्न सकिन्छ ।*

नेपालको इतिहासमा माओवादी जनयुद्धको नामले परिचित र स्थापित नेपाली क्रान्तिको सङ्क्षिप्त नाम नै 'जनयुद्ध' थियो । जनयुद्ध विरोधीहरू जनयुद्ध शब्दबाट पनि भयभीत छन् । उनीहरू जनयुद्ध भन्न पनि डराउँछन् । जनयुद्धसम्म भन्न नसकेर द्वन्द्व भनेर जनयुद्धलाई न्यूनीकरण गर्ने, बदनाम गर्ने र भ्रष्टीकरण गर्ने गर्दै आएका छन् ।

वास्तवमा जनयुद्ध नेपाली समाज रूपान्तरणको महाअभियान थियो । यो नेपालको इतिहासमा एउटा उथलपुथलकारी आन्दोलन थियो । यसैको कारणले त नेपालमा गणतन्त्र सम्भव भएको हो । जनयुद्ध हुँदैनथ्यो भने नेपालमा अझैसम्म संवैधानिक राजतन्त्र कायमै रहने निश्चित थियो किनकि नेपाली काङ्ग्रेस र एमालेले त त्यस बेला नै २०४७ सालको संविधानलाई विश्वको सबभन्दा उत्कृष्ट संविधानको उपमा दिएका थिए भने राजालाई संवैधानिक राजा र संवैधानिक राजतन्त्रलाई उनीहरूले आत्मैदेखि स्वीकारका थिए । सबैको पार्टी विधानमा संवैधानिक राजतन्त्र आत्मसात गरेको कुरा लेखेका थिए । यसका आधारमा राजा, काङ्ग्रेस र एमालेको त्रिपक्षीय साझेदारी सत्ता सञ्चालन गर्दै आएका थिए । यो पनि सबैलाई थाहा छ- उनीहरू मिलेर जनयुद्धको दमन गरे र भयङ्कर रक्तपात मच्चाए । दसौं हजार माओवादी कार्यकर्ता र सर्वसाधारण जनताको हत्या गरे । उनीहरूले माओवादीलाई हत्यारा र हिंसावादीको आरोप लगाए तर वास्तवमा हत्यारा उनीहरू थिए, राज्यसत्ता थियो किनकि हरेक हिंसाको स्रोत राज्यसत्ता हुन्छ । त्यसमा पनि सामन्तवादीरपुँजीवादी राज्यसत्ताको चरित्र त झन् क्रूर र तानाशाही हुन्छ ।

आज पनि यी दलहरू जनयुद्धलाई द्वन्द्व र जनमुक्ति सेनालाई लडाकु भनेर जनयुद्ध र जनमुक्ति सेनाको उपहास गरिरहेका छन् । जनयुद्धलाई सबैभन्दा दमन गर्नेहरूले नै आज गणतन्त्रको सबैभन्दा बढी सुविधा उपभोग गरिरहेका छन् । उनीहरूले नै आज जनयुद्धका सीमित उपलब्धिहरूको चौकीदारी गरिरहेका छन् । जनयुद्ध सही थिएन भन्दै यसको बदनाम गर्ने कार्य गरी नै रहेका छन् । उनीहरू अहिले पनि जनयुद्ध सही थियो भन्ने पक्षमा छैनन् । उनीहरू जनयुद्धको नकारात्मक प्रचार गरिरहेका छन् ।

नेपाली राजनीतिमा अहिले पनि जनयुद्ध सही थियो–थिएन भन्ने विषयमा दुई स्पष्ट दृष्टिकोणहरू छन् । यसमा जनयुद्धविरोधीहरूको नकारात्मक दृष्टिकोण र धारणा हुने नै भयो तर आफूलाई वामपन्थी भन्नेहरू सत्तामा बसेका र क्रान्तिकारी आवरणमा सत्ताबाहिर बसेका सानातिना दलहरूमा पनि अझै नकारात्मक धारणा र दृष्टिकोण छ । हिजोको जनयुद्धको नेतृत्व गर्ने मूल नेतृत्वले पनि मुखमा जनयुद्धलाई सही नै बताए पनि त्यही जनयुद्धविरोधी दलहरूसँग घाँटी जोडेर साझेदारी सत्ता चलाउँदै जनयुद्धविरोधी गतिविधि गर्दै आएका छन् । अहिले यी दुवै दृष्टिकोण राख्नेहरू नै अपवित्र गठबन्धन गरेर दलाल सत्ताको चौकीदारी गरिरहेका छन् जसले राजतन्त्रको वकालत गर्दै गणतान्त्रिक आन्दोलनलाई दमन गरे र दसौं हजारको खुनखराबा गरे तिनैले आज गणतान्त्रिक सत्ताको चौकीदारी गर्नु 'दूधको साक्षी बिरालो' भनेजस्तै हो । अहिले यी बिरालाहरूले देशलाई 'बाँदरको हातमा नरिवल' बनाइरहेका छन् । यसरी जनयुद्धविरोधीहरू जनयुद्धको उपहास गरिरहेका छन् । साँच्चै भन्नुपर्दा जनयुद्ध कुनै उपहासको विषय नभएर एउटा गौरवपूर्ण ऐतिहासिक परिटना थियो ।

आज त्यो महान् जनयुद्ध २६ वर्ष पार गरेर २७ औं वर्षमा प्रवेश गरेको छ । यो शुभअवसरमा सवभन्दा पहिले जनयुद्धलाई जनयुद्धको रूपमा स्थापित गर्ने र गौरवमय इतिहास कोर्ने महान् सहिदहरू, बेपत्ता योद्धाहरूलाई श्रद्धासुमन अर्पण गर्दछु । महान् सहिद तथा बेपत्ता परिवार र जिउँदा सहिदका रूपमा छट्पटाइरहनु भएका जनयुद्धका घाइते तथा अपार्ग योद्धाहरूमा उच्च सम्मानभाव प्रकट गर्दछु । जनयुद्धलाई हरतरहले नैतिक, भौतिक सहयोग र समर्थन गर्ने महान् जनतालाई लालसलाम गर्दछु र सहयोद्धा नेता तथा कार्यकर्ता र जनमुक्ति सेनाका साथीहरू जसले जनयुद्धलाई जनयुद्धका रूपमा स्थापित गरे र आजउप्रान्त पनि जनयुद्धलाई आत्मैदेखि आत्मसात गर्दै अगाडि बढिरहनुभएको छ, सबैमा विजय र सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

समय निरन्तर गतिवान् छ । समाज निरन्तर परिवर्तनशील छ । इतिहास हार र जितका गोरेटाहरू कोर्दै निरन्तर अगाडि बढ्ने गर्दछ । १० वर्षको जनयुद्ध समग्रमा विजयको इतिहास हो । यो सर्वहारा वर्गको सफलताको इतिहास हो । १० वर्षको शान्तिप्रक्रिया समग्रमा पराजय र माओवादी आन्दोलनको विघटनको इतिहास हो । यसले विजय र पराजय, सफलता र असफलताको बक्ररेखा पार गरेर अहिले सकारात्मक र नकारात्मक शिक्षाहरू दिँदै २६ वसन्तहरू पार गरेको छ । यसले फेरि नयाँ क्रान्तिलाई जन्म दिएको छ- एकीकृत जनक्रान्तिको । एकीकृत जनक्रान्तिले फेरि नयाँ गोरेटो खन्दै अगाडि बढेको छ । यो इतिहासमै अर्को गौरवको विषय हो । यो इतिहासको अर्को नयाँ कोसेढुङ्गा (Mile Stone) हो । यसले विघटित माओवादी आन्दोलनलाई नयाँ शिराबाट सङ्गठित गर्दै विश्वलाई क्रान्तिको एउटा नयाँ सन्देश दिन सफल भएको छ । यो जनयुद्धको खरानीबाट पैदा भएको नयाँ आन्दोलन हो । जनयुद्धले चिताबाट एकीकृत जनक्रान्तिलाई बाँकी कार्यभारहरू सुम्पँदै र हस्तान्तरण गर्दै गएको छ । यसलाई पूर्णता दिने कार्य अब एकीकृत जनक्रान्तिको काँधमा आएको छ ।

यो पृथ्वी, यो ब्रह्माण्डमा कुनै पनि चीज वा वस्तु अजम्मरी छैन । सबै चीजको आयु हुन्छ । त्यो जन्मन्छ र मर्छ । कसैको आयु लामो हुन्छ र कसैको आयु छोटो हुन्छ, फरक यति हो । सजीव वस्तुको आयु तुलनात्मक रूपले छोटो तर तीव्र चलायमान हुन्छ तर निर्जीव वस्तुको आयु तुलनात्मक रूपले लामो हुन्छ तर यसको गति धिमा हुन्छ । समाज पनि वस्तु हो, क्रान्ति पनि वस्तु हो, समय र युग पनि वस्तु हो । वस्तु मर्छ । मर्नुको अर्को अर्थ हो अर्को नयाँ वस्तुमा विकास हुनु । यसलाई अध्यात्मवादीहरू 'जुनी फेर्नु' भन्छन् । जुनी फेर्दा पुरानोको अस्तित्व समाप्त हुन्छ र त्यसले भिन्न रूपमा अस्तित्व ग्रहण गर्दछ । यसो भन्नुको अर्थ अध्यात्मवादले भनेजस्तै वस्तु मर्छ, आत्मा मर्दैन भनेको होइन । वस्तुको आत्मा हुँदैन, गुण वा स्वभाव हुन्छ । गुण वा स्वभाव वा यसको प्रकृति बदलिन्छ । अर्कोमा रूपान्तरण हुन्छ । रूपान्तरण हुनुको अर्थ हो अर्कोमा विकास हुनु । पुरानोको नयाँमा विकास हुँदा केही गुणहरू पुरानाका पनि लिएर आएको हुन्छ तर पुरानाको भन्दा नयाँमा विकास भएर आएको हुन्छ । बिरुवा मर्छ तर त्यो बिरुवाको गुण मर्दैन । यसले असङ्ख्य फलहरू दिन्छ र फलबाट असङ्ख्य नयाँ बिरुवाहरू पैदा हुन्छन् । यो सङ्ख्यामा पनि विकास हुन्छ र गुणमा पनि विकास हुन्छ । विकास मात्र हुँदैन, विनास पनि हुन्छ । विनास हुनु मर्नु वा पतन हुनु हो । मानिस पनि मर्छ तर नयाँ रूप, रङ, स्वभाव, चेतना भएका नयाँ मानिसहरू जन्मिरहेका हुन्छन् । नयाँले पुरानोबाट केही वंशजन्य गुणहरू लिएर आएको हुन्छ तर नयाँमा नयाँ गुणहरूको विकास भएको हुन्छ । वनस्पति जगत् र प्राणी जगत्मा जस्तै यो नियम समाज विज्ञान र क्रान्तिमा पनि लागू हुन्छ । यो जनयुद्धमा स्वभावैले लागू हुने नै भयो । पुरानो स्वभाव, चरित्र र रूप-रङको जनयुद्धको अन्त्य भयो । त्यसबाट केही वंशजन्य पुराना गुणहरूसहित नयाँ गुणहरूको विकास भएको नयाँ क्रान्तिको जन्म भएको छ । त्यो नयाँ विकसित रूप नै एकीकृत जनक्रान्ति हो । यो जनयुद्धको विकास हो ।

कुनै वस्तुको विकासप्रक्रियालाई पुरातन पक्ष वा पुरातन सोचाइ-चरित्र भएका तत्वहरूले स्वीकार्दैनन् भलै त्यो केही समयका लागि किन नहोस् । त्यसको वैज्ञानिक पक्षलाई उनीहरू इन्कार गर्दछन् । पृथ्वी गोलो छ भन्दा चेप्टो छ भन्नेहरूले मानेनन्, उल्टो सही भन्नेलाई दण्ड गरे । त्यसको वैज्ञानिक पक्षलाई केही समयका लागि बन्देज गरे, प्रतिबन्ध गरे । समाज विज्ञानमा पनि मार्क्स-एङ्गेल्सले मार्क्सवादको प्रतिपादन गरेर बाहिर ल्याउँदानल्याउँदै यसमाथि प्रतिबन्ध लगाए । कति दुःख पाए उनीहरूले । लेनिन र माओहरूले यसको विकास गरिरहँदा उनीहरूलाई कति दुःख दिए, कति अवाञ्छित लाञ्छनाहरू खेप्नुपर्‍यो । नेपालमा पनि जनयुद्धको सुरुआती दिनहरूमा यिनले जनयुद्धलाई पत्याएनन् । स्वीकार गरेनन् । पछि दमन गरेर सिध्याउन खोजे । सकेनन् । पछि शान्तिप्रक्रियाका नाममा पछाडिबाट छुरी रोपे । आखिरमा जनयुद्ध समाज बदल्ने विज्ञानको एउटा शाखाका रूपमा स्थापित भयो । त्यसैको परिणाम नेपालले कम्तीमा गणतन्त्र पायो तर विडम्बना के भयो भने जनयुद्धले बच्चा त जन्मायो परन्तु आमालाई बचाउन सकिएन । यसको शल्यक्रिया गर्ने डाक्टर अक्षम भयो । आमाको हत्या गरे । बच्चालाई मुस्किलले बचाउन सकियो । मरिरहेको जनयुद्धरूपी आमाको गर्भबाट शल्यक्रियाद्वारा एकीकृत जनक्रान्तिरूपी बच्चालाई सकुशल निकाल्नु र बचाउनु धेरै महान् कार्य थियो । अहिले आमाको हत्या गर्नेहरू विभिन्न बहानामा बच्चाको पनि हत्या गर्ने षड्यन्त्रमा छन् । यसलाई बचाएर लैजानु र यसको भविष्य सुनिश्चित गर्नु अहिले क्रान्तिकारीहरूको दायित्व बनेको छ । अहिले पनि यसलाई अस्वीकार गर्ने पुरातनवादीहरू सक्रिय छन् । प्रतिक्रियावादी तत्वहरू यसलाई मार्न अनेक तिक्डम गरिरहेकै छन् । सोच-चिन्तनमा पछाडि परेकाहरूले पनि पूर्वाग्रही र दुराग्रही भावनाले यसको धारलाई भुत्ते पार्ने काम गरिरहेका छन् । यो नेपाली वामपन्थी आन्दोलनको एउटा क्रोनिक रोगजस्तै बनेको छ । यो सामन्तवादी नेपाली समाजको उपज हो । असली कम्युनिस्ट बन्न नसकेको सूचक हो । यसमा क्रान्तिकारीहरू निकै मेहनत, धैर्य र संयमका साथ आफ्नो मिसनलाई अगाडि बढाउनुपर्ने छ ।

जनयुद्ध क्रान्तिको एउटा सिद्धान्त हो । यो एउटा विचार हो । क्रान्ति परिवर्तनको एउटा विधि र प्रक्रिया पनि हो । त्यसैले यसको विकास प्रक्रियालाई सिद्धान्त, विचार, विधि, प्रक्रिया, स्वभाव, चरित्र, संरचना र परिवर्तन अर्थात् रूपान्तरणको कसीमा हेर्नुपर्छ । कसैले भन्ने गर्छन्– तपाईंहरू अलग्गिएर नयाँ के गर्नुभएको छ र ? यो बिल्कुल अबुझ, अवैचारिक, अराजनीतिक र असैद्धान्तिक कुरा हो । यो दृष्टिकोणविहीन र अगाडि भनिएका कसीको कमीका अभिव्यक्ति हुन् । साँच्चै १० वर्षको शान्तिप्रक्रिया तीव्र गतिमा ओरालो लागेको अवधि थियो । यसलाई नबुझ्नु हो । यो अवधिमा महादेवले पार्वतीको मृत शरीर बोकेर हिँड्दाहिँड्दा कुहिएर कीरा परेर तिनका अङ्ग-प्रत्यङ्गहरू विभिन्न ठाउँमा खसालेर अन्तिममा सबै शरीर नै अन्त्य भएजस्तै जनयुद्धलाई प्रचण्डले शान्तिप्रक्रियामा बोकेर हिँड्दाहिँड्दा २०७५ सालमा यसको अन्त्येष्टि गर्‍यो । बचेखुचेको माओवादी नामको अस्तु पनि साम्राज्यवादलाई चढाएर यसको अन्त्येष्टि गरेर एमालेमा प्रवेश गरे । शान्तिपूर्ण १० वर्षहरूमा विभिन्न समयमा माओवादी जनयुद्धका उपलब्धिरूपी अङ्गहरूलाई यसरी नै विभिन्न समय र स्थानहरूमा खसाल्दैखसाल्दै (छोड्दै-छोड्दै) गएर अन्तिममा सबै सकिएपछि जनयुद्धको अस्तुरूपी माओवादलाई पनि भेटी चढाए । यसरी समापन गरिएको माओवादी जनयुद्धले एकीकृत जनक्रान्तिलाई जन्म दियो । यसले नयाँ एकीकृत सिद्धान्तको विकासलाई जन्म दिएको छ । एकीकृत कार्यदिशालाई जन्म दिएको छ । विचारमा नयाँ स्वतन्त्र धाराको सिर्जना र विकास गरेको छ । एउटा वैकल्पिक शक्ति र संरचनालाई जन्म दिएको छ । नयाँ प्रतिबन्धको चरण पार गरेको छ । प्रतिबन्ध र सरकार र नेकपाबीचको वार्ताप्रक्रिया आफैंमा एउटा नयाँ राजनीतिक अध्याय थियो । ३ बुँदे सहमति आफैंमा एउटा इतिहास बनेको छ । यसले सिर्जना गरेको नयाँ परिस्थिति र नयाँ राजनीतिक कार्यनीतिक शृङ्खला क्रान्तिको एउटा दृष्टिकोण हो ।

अहिले देश अकर्मण्यताको भुमरीमा परेको छ । यसबेला नेपालको राजनीतिक परिस्थिति निकै सङ्कटमा परेको छ । नेपालका संसदीय राजनीतिक दलहरू त महासङ्कटको दलदलमा फसेका छन् । यसबेला देशलाई सङ्कटबाट अग्रगमनको दिशातिर डोर्‍याउने दायित्व नेपाल कम्युनिस्ट पार्टीको काँधमा आएको छ । नेपाल कम्युनिस्ट पार्टीले यतिबेला असाध्य सोचबुझका साथ सबभन्दा उपयुक्त राजनीतिक निकास के हुन सक्छ ? शान्तिपूर्ण ढङ्गले देशलाई अग्रगमनतिर लैजाने उपयुक्त निकास के होला भनेर एउटा निष्कर्ष दिएको छ– जनमतसङ्ग्रहको । यद्यपि यो एजेन्डालाई संसद्वादी दलहरूले असाध्य हल्काफुल्का र पुरातन दृष्टिले हेरिरहेका छन् र माथि भनेझैं सही हुँदाहुँदै पनि यसलाई

... बाँकी पृष्ठ ३ मा

## २७ औं जनयुद्ध दिवसको ....

पुरानो चिन्तन प्रणालीले स्वीकार गर्न सकिरहेका छैनन् । मानिरहेको अवस्था छैन किनकि यो नियम हो । पुरानोले आफ्नो अस्तित्वरक्षाका लागि पनि यो स्वीकार गर्दैन । यो तिनीहरूलाई त्यस बेला मात्र स्वीकार्य हुन्छ जब यो उनीहरूका पक्षमा हुनेछ र हुन्छ । त्यसैले उनीहरू जनमतसङ्ग्रहका बारेमा सुन्नसम्म चाहँदैनन् । पूरै बेवास्ता गरिरहेका छन् तर शान्तिपूर्ण तरिकाले मुलुकलाई अग्रगामी दिशा दिने हो भने र शान्तिपूर्ण सहकार्यको ढोका खोल्ने हो भने योभन्दा उपयुक्त निकास अरू छैन । यही नै यति बेलाको सबभन्दा जनप्रिय र जनहितमा छ । मुलुकको पनि हितमा छ ।

संसदीय दलहरू जुर्गौंजुग जनतालाई यो संसदीय चुनावको पिङ खेलाउँदै आएका छन् र अहिले पनि त्यही पिङ थापेका छन् । यो पिङ जति घुमाए पनि र जति मच्चाए पनि उही ठाउँमा घुमिरहने प्रणाली हो । यसले मुलुक र जनतालाई निकास दिँदैन । यसले जनयुद्धको खरानीबाट मलजल पाएर हुर्किरहेको एकीकृत जनक्रान्तिको विकासप्रक्रियालाई रोक्छ र नेपाली क्रान्ति पछि धकेल्छ । अझ गम्भीर र नेपालीहरू बुझ्नैपर्ने कुरा त के भने यो संसदीय व्यवस्थाले साम्राज्यवादी शक्तिहरू र शक्तिराष्ट्रहरूलाई नेपालमा चलखेल गर्ने र निरन्तर हस्तक्षेप गरिरहने वातावरण दिइरहेको छ । नेपाल र नेपाली जनताको विकास र परिवर्तनको ढोकामाथिको बिर्को को काम गरिरहेको छ संसदीय प्रणालीले । यो नै अहिलेको नेपाली जनता, नेपाली राजनीतिज्ञहरूको असफलता र पराजयको कारण बनेको छ । यो कुरालाई बुझ्न नसक्नु नेपाली राजनीतिज्ञहरूको विडम्बना हो । बुझेर पनि बुझ पचाउनेहरूको दलाली र आत्मसमर्पणको नियति हो ।

त्यसैले वर्तमान अवस्थामा जाम खाएको वा अकर्मण्यतामा फसेको नेपालको राजनीतिक भुमरीबाट देशलाई सङ्कटमोचन गर्ने हो भने अहिलेको सबभन्दा उपयुक्त राजनीतिक निकास जनमतसङ्ग्रह नै हो र देशलाई समृद्धि र विकास तथा नेपाली जनतालाई स्वाधीनता र स्वतन्त्रता दिने हो, भयो । यसको पनि सबभन्दा वैज्ञानिक-राजनीतिक कार्यदिशा एकीकृत जनक्रान्ति नै हो । यो जनयुद्धको विकासप्रक्रियाको एउटा पाइला हो । यो कार्यदिशालाई सबैले आत्मसात गर्ने हो भने यो देशमा सबभन्दा कम क्षति र सबभन्दा कम रक्तपात गरेर क्रान्ति सम्पन्न गर्न सकिन्छ । जनयुद्धको २७ औं वार्षिकोत्सवले सबैलाई यही चेतना देओस्, सबैमा यही शुभकामना !

१ फागुन, २०७८


## नेकपाका युवा नेता ....

र विद्यार्थी नेता रवीन केसीले स्वागत गरेका थिए ।

खड्का २०७५ साल चैत ९ गते काभ्रेको खानीखोलामा नेकपाका तत्कालीन स्थायी समिति सदस्य एवम् मध्यकमाण्ड इन्चार्ज सुदर्शनसँगै गिरफ्तार भएका थिए । उनी नेकपा नेता सुदर्शनको सचिवालयमा कार्यरत थिए । उनलाई हातहतियार, खरखजाना, राजद्रोह, राज्यविरुद्धको अपराधलगायत झुट्ठा मुद्दा लगाइएको थियो ।

नेता सुदर्शनसँगै गिरफ्तार भएका नौजनामध्ये अझै दुईजना जेलमै छन् । सोमबार लोकेन्द्रसँगै रिहा आदेश भएका अर्का युवा नेता बुद्ध स्याङ्तानलाई भने रिहा हुनेबित्तिकै प्रहरीले हतियारसम्बन्धी अर्को मुद्दा बाँकी छ भन्दै हिरासतमा लगेको नेकपाले जनाएको छ । नेता सुदर्शनसँगै गिरफ्तार भएकामध्ये रामकृष्ण खतिवडा पनि जेलमै छन् ।

जेलमुक्त भएपछि खड्कालाई नेकपा केन्द्रीय सचिवालय सदस्य सुदर्शन, नेकपाका केन्द्रीय सदस्य आदर्शलगायतले ललितपुरमा स्वागत गर्दै बधाई दिएका थिए ।




# नेकपालगायत पाँच दल आबद्ध सांस्कृतिक मोर्चा एमसीसीविरुद्ध आज सडकमा

**काठमाडौं ।** नेकपालगायत ६ राजनीतिक दल र २ मोर्चाले राष्ट्रघाती एमसीसी सम्झौताविरुद्ध सडक सङ्घर्ष सञ्चालन गरिरहेको समयमा पाँचदलीय गठबन्धनको देउवा सरकारले ८ गते सडकमा रक्तभेल बगाउँदै सदनमा एमसीसी टेबुल गरेपछि पाँचवटा जनसांस्कृतिक मोर्चाले १२ गते सडक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेका छन् । माइला लामा (अध्यक्ष, अखिल नेपाल जनसांस्कृतिक महासङ्घ), प्रा.डा. जगदीशचन्द्र भण्डारी -अध्यक्ष,

अखिल नेपाल जनसांस्कृतिक महासङ्घ), रेम राना, अध्यक्ष (रक्तिम सांस्कृतिक अभियान), राजेश बान्तवा (अध्यक्ष, अखिल नेपाल सांस्कृतिक युनियन) र बिहानी विक (अध्यक्ष, अखिल नेपाल जनसांस्कृतिक सङ्घ) ले संयुक्त विज्ञप्ति जारी गरी आत्मघाती एमसीसी कम्प्याक्टका विरुद्ध सशक्त प्रतिरोधमा उत्रन आह्वान गरेका छन् ।

'राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर' शीर्षकमा जारी संयुक्त विज्ञप्तिमा भनिएको छ, 'नेपालमा यति बेला एमसीसी गम्भीर विवादको विषय बन्दै गएको छ । २०७४ भदौ २९ गते नेपाल सरकारद्वारा गुपचुपमै हस्ताक्षर गरिएको एमसीसी कम्प्याक्टलाई अनुमोदन गराउन नेपालको संसद्मा जबर्जस्ती पेस गरिएको छ । सत्ता-गठबन्धनको यसप्रकारको निर्लज्ज राष्ट्रघाती कदमका विरुद्ध क्रान्तिकारी एवम् देशभक्तहरूले देशव्यापी सशक्त आन्दोलनको ज्वारभाटा सिर्जना गरिरहेका छन् । राष्ट्रघाती एमसीसीका विरुद्ध सङ्घर्षरत राजनीतिक दल, विभिन्न सङ्घ-संस्थाहरूको प्रतिरोधात्मक अभियानलाई हामी विभिन्न सांस्कृतिक घटकका तर्फबाट हार्दिक ऐक्यबद्धता जाहेर गर्दछौं । साथै आत्मघाती एमसीसी कम्प्याक्टका विरुद्ध सशक्त प्रतिरोधमा उत्रन आह्वान पनि गर्दछौं ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'मिलिनियम च्यालेन्ज कर्पोरेसन 'एमसीसी' सन् २००४ मा स्थापना भएको अमेरिकी एजेन्सी हो । नेपालका सन्दर्भमा एमसीसी चीनको बढ्दो प्रभाव र लगानी विस्तार भएका क्षेत्रलाई रोक्ने रणनीतिक योजनाअन्तर्गत परिलक्षित छ । डामाडोल अमेरिकी अर्थतन्त्रको रक्षात्मक रणनीति एमसीसी भएको कुरामा कुनै शङ्का छैन । युद्ध-उद्योगमा टिकेको अमेरिका आफ्नो आर्थिक अवस्था नाजुक हुँदै गएपछि उसले बनाएको हिन्द-प्रशान्त क्षेत्रमा युद्धको व्यापार गर्ने रणनीति मूलतः सैन्य रणनीतिमा आधारित रहेको छ । विकास र साझा समृद्धिको चिनियाँ 'बीआरआई' अवधारणाका विरुद्ध यस क्षेत्रमा अमेरिकाले हिन्द-प्रशान्त रणनीति ल्याएको कुरामा कुनै शङ्का छैन । यस क्षेत्रमा युद्ध भड्काउनु, अशान्ति पैदा गर्नु, युद्ध र हतियारको व्यापार गर्नु, आफूअनुकूलको शासनप्रणाली र पिट्ठुहरू खडा गरेर प्राकृतिक स्रोतसाधनमाथि कब्जा जमाउनु उसको रणनीतिक उद्देश्य हो । एमसीसीलाई अनुदान भनिए पनि यथार्थतः यो व्यापारिक ऋण हो । सम्झौतामा अमेरिकी नीति तथा कानुनलाई नेपालको संविधान, नीति तथा कानुनभन्दा माथि राखिएको छ । यसले नेपालको बौद्धिक सम्पत्तिलाई आफूमा समाहित गरेको छ जुन कुरा नेपालका लागि अत्यन्त संवेदनशील मामिला हो । भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवादको नयाँ कडीका रूपमा आएको एमसीसी हाम्रा लागि कुनै पनि मूल्यमा अस्वीकार्य छ । हामी नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, स्वतन्त्रता र स्वाभिमानमा आँच पुऱ्याउने एमसीसी सम्झौता अविलम्ब खारेजीको माग गर्दछौं । अमेरिकी रणनीतिक परियोजनाविरुद्धको आन्दोलनलाई अझ सशक्त बनाउन सम्पूर्ण प्रगतिशील तथा क्रान्तिकारी संस्कृतिकर्मी एवम् देशभक्त नागरिक कसमक्ष हामी जोडदार अपील पनि गर्दछौं ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'सांस्कृतिक सङ्गठनहरूका तर्फबाट मिति २०७८, फागुन ११ गते १२ बजे काठमाडौंस्थित नयाँबानेश्वरमा बृहत् प्रतिरोध सांस्कृतिक सभा हुने भएकाले उक्त कार्यक्रममा उपस्थितिका लागि हार्दिक आमन्त्रण पनि गर्दछौं ।'

# एमसीसीविरुद्ध संसद् भवन र देशभर ८ दलको प्रदर्शन

### घाइतेहरूको निःशुल्क उपचार र हिरासतमा राखिएका आन्दोलनकारीलाई तत्काल रिहा गर्न माग

**काठमाडौं ।**

एमसीसीविरुद्ध सङ्घर्ष गरिरहेका नेकपालगायत ६ दल र दुई मोर्चाले देशभर थप प्रदर्शन गर्ने निर्णय गरेका छन् । आन्दोलनकारी दलले काठमाडौंमा माइतीघरदेखि नयाँबानेश्वर संसद् भवनअगाडिसम्म प्रदर्शन गर्ने भएका छन् ।

६ राजनीतिक दल र दुई मोर्चाका तर्फबाट बिहीबार साँझ जारी संयुक्त प्रेस विज्ञप्तिमा एमसीसीविरोधी आन्दोलनका क्रममा फागुन ४ गते संसद् भवनबाहिर सरकारी दमनबाट घाइते भएकाहरूको निःशुल्क उपचार र हिरासतमा राखिएका आन्दोलनकारीलाई रिहा गर्न माग गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रघाती एमसीसी सम्झौताका विरुद्ध आन्दोलनरत ६ कम्युनिस्ट पार्टी र २ मोर्चाको बैठक आज २०७८ फागुन ५ गते नेकपाको केन्द्रीय कार्यालय बुद्धनगरमा बस्यो । राष्ट्रघाती एमसीसी सम्झौताविरुद्धको सङ्घर्ष झन् पेचिलो र सशक्त बन्दै गएको छ । एकातिर अमेरिकी साम्राज्यवाद र तिनका दलाल संसदवादी दलहरू एमसीसी संसद्बाट अनुमोदन गर्न निर्णायक तयारी गर्दैछन् भने अर्कोतिर राष्ट्रिय स्वाधीनताको रक्षाको देशभक्तिपूर्ण सङ्घर्षमा देशभक्त जनसमुदायको तीव्र ध्रुवीकरण भइरहेको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यही क्रममा फागुन ४ को नेपाल बन्दमा काठमाडौंमा घाइते भएका साथीहरू सुरेश श्रेष्ठ, हरिकृष्ण गजुरेल, वसन्त बुढाथोकी, शारदा महत, शिलु न्यौपाने, सुनिता बुढाथोकी र निर्ग नवीनको सम्पूर्ण उपचार निःशुल्क गर्न हामी राज्यसँग गम्भीर अपिल गर्दछौं । साथै फागुन ४ को नेपाल बन्दकै क्रममा कोटेश्वरबाट गिरफ्तार गरी हालसम्म पनि हिरासतमा राखिएका मङ्गल तामाङलाई बिनासर्त तुरुन्त रिहा गर्न गम्भीर अपिल गर्दछौं ।'

संयुक्त विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'अमेरिकी साम्राज्यवादले जबर्जस्ती लादन खोजेको एमसीसीका विरुद्ध राष्ट्रिय स्वाधीनताको रक्षाको यो सङ्घर्षलाई सफलीभूत बनाउन आमदेशभक्त जनसमुदायसँग गहिरो अपिलसहित थप कार्यक्रमहरू तय गरेका छौं ।'

संयुक्त विज्ञप्ति जारी गर्नेहरूमा नेकपाका महासचिव विप्लव, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंह, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, नेकपा माओवादी केन्द्र समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका संयोजक आहुती छन् ।

व्यक्तिगत घटना दर्ता गरौं
➢ घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई घटना दर्ता गरौं ।
➢ जन्म, मृत्यु बसाईसराई तथा सम्बन्धविच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
➢ जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
➢ जन्म, मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्नेछन् ।
➢ बसाईसराई गर्दा व्यक्ति आफु मात्र बसाईसरी गए व्यक्तिले र परिवार नै बसाइसरी गएमा परिवारको मुख्य व्यक्तिले दर्ता गर्नुपर्दछ ।
➢ विवाहको सूचना पति तथा पत्नी दुवैले दिनुपर्दछ ।
➢ सम्बन्धविच्छेदको सूचना अदालतको निर्णयसहित पति तथा पत्नीले दिन सक्नेछन् ।
छथर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सुक्रबारे, तेह्रथुम

# कृष्णवीर विश्वकर्माप्रति श्रमिक समुदाय मोर्चाको श्रद्धाञ्जली

**काठमाडौं ।**

श्रमिक समुदाय मोर्चा नेपालले मोर्चाका केन्द्रीय अध्यक्ष रामलाल विश्वकर्माका साइँला दाजु कृष्णवीर विश्वकर्माप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ । मोर्चाका महासचिव त्रिलोचन विश्वकर्माले फागुन २ गते शोक वक्तव्य जारी गरी कृष्णवीरप्रति श्रद्धाञ्जली व्यक्त गर्दै रामलालगायत शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका छन् ।

शोक वक्तव्यमा भनिएको छ, 'हाम्रो गौरवशाली मोर्चाका केन्द्रीय अध्यक्ष रामलाल विश्वकर्माका आदरणीय साइँला दाजु श्री कृष्णवीर विश्वकर्माको यही २०७८ साल फागुन १ गते बेलुका ६ बजे दैलेख जिल्ला गुराँस गाउँपालिका वडा नं. ४ सेरीस्थित आफ्नै घरमा ५७ वर्षको उमेरमा भएको असामयिक दुःखद् निधनको खबरले हामी अत्यन्तै मर्माहत भएका छौं । आदरणीय दाजुप्रति हाम्रो मोर्चा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ । साथै शोकको यस दुःखद् घडीमा शोकसन्तप्त सम्पूर्ण परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनाका साथ हार्दिक समवेदना प्रकट गर्दछौं ।'

# नेकपाले कुकर बम राखेको हल्ला एमसीसीविरुद्ध जारी आन्दोलन भाँड्ने प्रायोजित षड्यन्त्र : नेकपा

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीले एमसीसीविरुद्ध जारी आन्दोलन जनसहभागितासहित प्रभावकारी बन्दै गएपछि यसलाई भाँड्न साम्राज्यवादका नेपाली दलालहरूले विभिन्न किसिमका प्रायोजित षड्यन्त्रहरू सुरु गरेको पार्टीले आह्वान गरेको प्रदर्शनमा पनि निर्धक्कसँग सहभागी हुन आह्वान गरेको छ ।

कलङ्कीको क्षेत्रमा शुक्रबार बिहान दुईवटा कुकर बम भेटिएको हल्ला चलेपछि नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्क्रिय पार्दा जनतामा भ्रम र भय उत्पन्न गराउने उद्देश्यले शङ्कास्पद वस्तु मात्र राखेको पाइएको थियो । कुकर बम राखिएको भ्रमपूर्ण समाचार सनसनीपूर्ण बनेपछि कलङ्की क्षेत्र आतङ्कित बनेको थियो । केही समय यातायातका साधन पनि प्रभावित बनेका थिए ।

नेकपाको प्रचार तथा प्रकाशन विभागका इन्चार्ज प्रज्वलनले राष्ट्रघाती एमसीसीविरोधी आन्दोलन प्रभावकारी बनेपछि आन्दोलनकारी पार्टीबीच विभाजन ल्याउन सरकारले नै यसप्रकारका प्रायोजित हल्ला र षड्यन्त्र गरेको बताए ।

शान्तिपूर्ण रूपमा देशभक्तिपूर्ण आन्दोलनको नेतृत्व गरिरहेको नेपाल कम्युनिस्ट पार्टीप्रति लक्षित गर्दै कतिपय तत्वले उक्त नक्कली बम विप्लव नेतृत्वको नेकपाले राखेको हुनसक्ने आशङ्का गरेको विषयमा कडा प्रतिवाद गर्दै नेकपाका केन्द्रीय सदस्यसमेत रहेका प्रकाशन विभाग इन्चार्ज प्रज्वलनले भने, 'यो आन्दोलनकारी शक्तिलाई विभाजित गर्ने र फुटाउने प्रायोजित षड्यन्त्र हो । आन्दोलनकारी पार्टीहरूले यो षड्यन्त्र बुझिसकेकाले संयुक्त रूपमा प्रतिरोध गरिनेछ र एमसीसी पारित गर्ने योजना निष्फल बनाइनेछ ।'

उक्त घटनालाई एमसीसीविरोधी सडक सङ्घर्ष मत्थर पार्न सरकारबाट प्रायोजित षड्यन्त्रका रूपमा गराइएको घटनाका रूपमा लिइएको छ । नेकपाप्रति इङ्गित गरेर भएका आशङ्का सर्वथा झूटो रहेको पनि नेकपाले जनाएको छ । नेकपाले एमसीसीविरुद्ध देशभर र काठमाडौं नयाँबानेश्वरस्थित संसद् भवनअगाडि हुने विरोध प्रदर्शनमा अझ व्यापक उपस्थिति जनाउन र एमसीसी पास गर्ने साम्राज्यवादी योजना असफल पार्न पनि आह्वान गरेको छ ।

यसैबीच नेपाल प्रहरीको स्रोतका अनुसार नक्कली बम राखिएको स्थानमा नेकपा क्रान्तिकारी नाउँको पर्चा भेटिएको छ ।

सुख्खा याम बढेसँगै बन डढेलोको जोखिम बढ्ने भएकोले सबैजना सचेत रही बन डढेलो बाट बचाई जनधन एवं पर्यावरणको रक्षा गरौं ।
रतुवामाई वृक्षारोपन आयोजना
झापा



# समाजवाद स्थापनाको यात्रामा दुस्मनको कालकोठरीमा


पुष्प कोइराला

२०७५ साउन १८ गते शुक्रबार बिहानै उठेर नियमित कर्म सकेर पार्टी काममा जानुपर्‍यो भन्दा पानी परेकाले दृश्य सामग्री र पत्रपत्रिका अध्ययन गरेर बसैं। खानापछि कार्यालय आएँ। कोसी ब्युरो कार्यालय सचिव डीबी सिलवालसहित विराटनगर पार्टी काममा जानु थियो। डीबीलाई फोन गरैं तर फोन अफ रहेछ। फोन सम्पर्क नभएपछि बिहान ११:३० मा डीबीको डेरातर्फ लागैं। झरना होटेलअगाडि आएपछि रामेश्वर मावि माम्लिङका शिक्षक दिव्यराज अधिकारीसँग भेट भयो। समसामयिक विषयमा केही कुरा भएपछि छुट्यौं। उत्तर-दक्षिण राजमार्ग मात्रै के पुगेको थिएँ, सडकको छेउछेउमा बाइक लिएर सिभिल प्रहरी बसेका रहेछन्। मैले देखेपछि फर्किऊँ भने बाइक देखी लखेट्ला, बरु बिस्तारै नचिनेझैं गरी जानुपर्‍यो भन्दा सडकमा सवार ीसाधनको चापले ५र७ मिनेट लागिहाल्यो। प्रहरीले त्यही बेला चिनिहाल्यो। म अलि लम्किएजस्तो गरी हिँडैं। एकजना प्रहरीले मलाइ पिछा गर्‍यो। म अलि फटाफट लागैं। नमुना गेटमा बसेको प्रहरीले ढाकाटोपी लगाएको मान्छे गयो, खेद भनेपछि म टोपी झिकेर नमुना गेटदेखि विवेकको कोठा हुँदै करिब ६०० मिटर कुदेपछि प्रहरीले बाइक र पैदल चारैतिरदेखि घेरा हालेर मलाई छेकिहाले। मेरो खुट्टामा समस्या भएकाले कुद्न सकिनँ। लछारपछार पार्न खोजेपछि तिमीहरूसँगको सङ्घर्ष होइन, दलाल, भ्रष्टाचारीका विरुद्ध गरिने आन्दोलन हो अर्थात् दलाल संसदीय व्यवस्थाको अन्त्य गर्ने अभियान हो, बरु यो अभियानमा तिमीहरूको पनि साथ हुनुपर्छ भनेपछि पाखुरामा समातेर नमुना गेटतिर लिएर आए। त्यति नै खेर मेरो मोबाइल खोसिहाले। डीबीको डेरा घेरा हालिरहेको रहेछ। मलाई नमुना गेट पुर्‍याए। इटहरी प्रहरी कर्यालयबाट प्रहरी निरीक्षक बुद्धिराज चौलागाईं गाडी लिएर आएपछि मलाई गाडीमा राखे। केहीबेर उनले सञ्चार सेटबाट यस्तोउस्तो मान्छे समातिएको, अर्कोतिर घेरा हालिएको छ, सँगै लिएर आऊँ कि के गरूँ भनेर आदेश लिए। उताबाट के आदेश आयो थाहा भएन, मलाई डीबीको डेरा पूर्वपट्टि गाडीमा राखियो। हेर्दा ४०र५० जना प्रहरीले घेरा हालेको देखैं। करिब २ घन्टा यताउता गरेर प्रहरीहरू कुदिरहे।

सोही समयमा नेपाल पत्रकार महासङ्घ सुनसरीका अध्यक्ष अमर खड्का आई मलाई तपाईंको हैसियत, नाम के हो भनी प्रश्न गरे। सुरुमा त प्रहरी गुप्तचर होला भनी खास केही बताइनँ। म पत्रकार हुँ भनेपछि मैले पनि चिनजान गरैं। प्रहरी दमन र ज्यादतीका बारेमा लेख्नुहोला भनैं। यति बेला हामीलाई हेर्ने मानिसको घुइँचो लागेको थियो। प्रहरीहरू कहिले विवेकको डेरातिर त कहिले डीबीको डेरातिर कुदेजस्तो गर्थे। करिब ३ घन्टापछि डीबीको डेरा खानतलासी गरेर डीबीकी श्रीमतीको मोबाइलसमेत जफत गरी लिएर आएछन्। गाडीमा ल्याएर डीबी लाई राखेपछि हामीलाई हेर्नेको भीड करिब पाँचछ सय पुगिसकेको थियो। हाम्रो विषयमा कसैले पनि केही बोल्न सकेन। हामीलाई करिब ४ बजेतिर इटहरी प्रहरी कार्यालय ल्याइपुर्‍यायो। केही समयअगाडि सागर राई, पासाङ शेर्पालाई गिरफ्तार गरी ल्याएको रहेछ। सँगै अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय सदस्य तथा सुनसरी जिल्ला अध्यक्ष जनक निरौलालाई पनि फोन गरेर बोलाएकाले प्रहरी कार्यालयमा आएर बस्नुभएको रहेछ। सागर राईलाई मेरो फोन खोसेपछि फोन गरी गिरफ्तार गरेछ भने पासाङ शेर्पालाई ट्याक्टर धनीले मही किन्न पठाउँदा प्रहरिले गिरफ्तार गरेछ। राई र शेर्पा सामान्य नागरिक हुन।

मलाई गिरफ्तार गर्दा त खासै केहीजस्तो लागेन किनकि म पञ्चायतकालमा धेरैपटक, जनयुद्धताका १८ महिना, कथित दोस्रो संविधानसभाको निर्वाचन बहिष्कार गर्दा पनि प्रहरीले गिरफ्तार गरी जेल र हिरासत बसिसकेको थिएँ। तर आज डीबीलाई गिरफ्तार गर्दा उनका ससाना २र४ वर्षका छोराहरू बाबा-बाबा भन्दै रोएको र उनकी श्रीमती रुँदा सङ्कटकालझैं सम्झिएर साह्रै नरमाइलो लाग्यो। सम्झिएँ- शासकहरू जहिले पनि जनताको उन्नति र प्रगति चाहँदैनन्। दमनलाई नै प्रमुख साँचो वा कुञ्जीका रूपमा लिन्छन्। चित्त पनि बुझाएँ- दलाल शासकहरू हुँदा वा दलाल संसदीय व्यवस्था रहेसम्म अथवा जनताको वैज्ञानिक समाजवादी व्यवस्था स्थापना नभएसम्म यस्तै हो।

हामीलाई प्रहरी कार्यालय पुर्‍याएपछि जाँच गरेर हिरासतमा हुलियो। हिरासत महिला र पुरुष गरी दुईवटा रहेछन्। महिला बन्दीहरूलाई तरहरा प्रहरी चौकीमा राखेपछि यहाँको दुवै हिरासतमा पुरुषलाई नै राखिएको रहेछ। भित्र पस्दा हातखुट्टा धुनुपर्ने, गीत गाउनु, नाच्नु, सरसफाइ गर्नुपर्ने साथै कुटाइ पनि सक्दो खानुपर्ने रहेछ। हामीलाई भने राजनीतिक मुद्दा भएकाले ती सबै विधि प्रयोग गरिएन, बरु कुरा गर्न नदिने भनेकाले ५ जनालाई ५ कुनामा राखियो। भित्र के बसेका मात्रै थियौं मेडिकल लान बाहिर निकालेर हतकडी लगाइयो। मैले प्रतिवाद गरैं तर पनि माथिको आदेश छ भनेर जबर्जस्ती लगाई इटहरीस्थित एपेक्स मेडिकल पुर्‍याइयो। अस्पतालमा डाक्टरले जाँडर क्सी कति खाएको छ भनी सोध्यो। मैले 'हामी जँड्याहा हौंजस्तो लाग्यो ? हामी त दलाल, भ्रष्ट, चोर, डाँका, तस्कर, गुन्डा, फटाहा, जँड्याहालाई कारबाही गर्दै दलाल संसदीय व्यवस्थाको अन्त्य गरेर वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना सहित नेपाल र नेपालीको समृद्धि चाहने पार्टी नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ता हौं, चिनेर प्रश्न गरे राम्रो होला' भन्ने सुझावसमेत दिएँ। परीक्षणपछि हिरासतमा ल्याएर राख्यो।

हिरासतमा हामीलाई राखेको कोठामा ७८ जना र अर्को कोठामा १६ जना रहेछन्। उच्च गर्मीको समयमा हिरासतभित्र खचाखच, सुत्न त परै जाओस् बस्न पनि समस्या थियो। चर्पी गनाएर उग्र, लाम्खुट्टेले गीत गाउँछन्, उडुस मच्चीमच्ची थपडी मार्छन् भने उफ्रीउफ्री उपियाँ नाच्दा रहेछन्। बाहिरबाट एउटा पङ्खा लगाइदिएको रहेछ। त्यसैको छेउमा पुष्प सरलाई सुताउनू भन्ने आदेश आयो। लागूपदार्थ खाएका भाइहरूका बीचमा सुत्नुपर्ने भएकाले झन् ठुलो समस्या आयो। रातभर निद्रा लागेन। हिरासतमा लागूपदार्थ प्रयोग गर्ने अत्यधिक सङ्ख्या, जबर्जस्ती करणी, ज्यान मार्ने उद्योग, ठगीजस्ता मुद्दाहरूमा फसाइएकासमेत कैदीहरू थिए।

बेलुका डीएसपी शिवकुमार श्रेष्ठले भेट नगरेपछि खाना खाइएन। भोलिपल्ट बिहान पनि खाना खाइएन। भेटघाट गर्न आएका नातागोता, आफन्त र मित्रहरूलाई फर्काइदिएछन्। क्रान्तिकारी माओवादीका केही साथीहरू र पत्रकारहरूलाई पनि फर्काइएछ। दुई दिन भैसक्यो, न भेटघाट गर्नै दिइन्छ, न त डीएसपीले भेटघाट गर्छन्। पक्राउ पुर्जी पनि छैन। बयान पनि लिएन। त्यसैले आज बेलुका पनि भात नखाने निर्णय गरियो। केही प्रहरीहरूले सर खाना चैं खानुहोस्। कुराकानी भरेभोलि भैहाल्छ नि भनी सम्झाउन खोजे। त्यति भन्दा पनि हामीले नमानेपछि बेलुका १०:३० तिर डीएसपीले भेट गरे। हामीले पक्राउ पुर्जीलगायत बिनाकारण किन गिरफ्तार गरियो ? राजनीतिक बन्दीलाई राजनीतिक व्यवहार किन गरिएन भनी प्रश्न गर्‍यौं। डीएसपीले तपाईंहरू चन्दा उठाउने, बम पड्काउने मान्छे हो भनेर गिरफ्तार गरिएको हो। पक्राउ पुर्जी दिइहाल भनी आदेश गरे। हामीले प्रतिवाद गर्‍यौं। झूट्टा मुद्दा नलगाउनुहोस्, राजनीतिक बन्दीलाइ राजनीतिक व्यवहार गरियोस्, शान्तिपूर्ण तरिकाले जनताको न्यायका निम्ति आवाज उठाइरहँदा झूट्टा मुद्दा लगाएर फसाइन्छ भने यो राम्रो कार्य होइन। बरु यो आन्दोलन तपाईंहरूको पनि हितमा छ। त्यसो हुनाले समर्थन र सहयोग गर्दा राम्रो हुन्छ भनियो। त्यसपछि ठिकै छ, मानवीय व्यवहारको हिसाबले हामी हेरौंला। अरू सबै माथिको आदेशमा चल्ने भएकाले हामी केही गर्न सक्दैनौं। फेरि हामिले पत्रपत्रिका चाहियो। हाम्रा नातागोता र आफन्तहरूलाई भेटघाट गर्न दिनुपर्‍यो, राजनीतिक विषयलाई तोडमोड नगर्नुस् भनियो। त्यसपछि हामीलाई दुईवटा कोठामा विभाजन गरी राखियो।

बेलुका प्रहरीले डीबी र मलाई बम विस्फोटन तथा ज्यान मार्ने उद्योग र अरूलाई चन्दा असुलीको पुर्जी थमायो। भोलिपल्ट बिहानै सबैजनालाई चन्दा असुलीकै पुर्जी थमायो। दिउँसो अदालत लगियो। हामीले सरकारी वकिल गोकुल निरौला र सम्मानित जिल्ला न्यायाधीशसँग पनि कुरा राख्यौं। ७ दिनको म्याद थपेर ल्याइयो।

नेपालमा सबैभन्दा बढी प्रहरी दमन कोसी ब्युरो र त्यसमा पनि सुनसरी जिल्लामा गरियो। पार्टी केन्द्रीय सदस्य, कोसी ब्युरो इन्चार्ज तथा पूर्वसभासद् क. किरण राईसहित ८ जना धनकुटाको हिलेमा सहिद परिवारलाई सम्मान गर्ने कार्यक्रमबाट २०७४ चैतमा गिरफ्तार गर्‍यो। सुनसरीमा नन्दु थापा, वीरता, सन्तोष, नवराज, निरज, सुरेश, सुरज, लक्ष्मण, मोहन, पुष्प कोइराला, डीबी सिलवाललगायत धेरैलाई गिरफ्तार गरी झुट्टा मुद्दा लगायो। सङ्खुवासभा, धनकुटा र मोरङमा पनि केही कमरेडलाई गिरफ्तार गरियो। देशभरबाट पार्टी प्रवक्ता प्रकाण्ड, तत्कालीन पीबीएमहरू पदमबहादुर राई, ओम पुन, मोहन कार्की, उमा भुजेल, कृष्ण धमला (हाल राई, कार्की र धमला आन्दोलनबाटै पलायन भइसकेका छन्) लगायत केही केन्द्रीय सदस्य दीपेश राई, चन्द्र खड्का, देवनारायण शाह पनि गिरफ्तार भए।

त्यस्तै उदयपुर जनपरिषद् प्रमुख जितबहादुर पुलामीलाई ३ महिनापछि छोडेर पुनः गिरफ्तार गरी इलाम लाने क्रममा अड्डासार गर्दै साउन २९ गते राती १२ बजे प्रहरीले ल्यायो र भोलिपल्टै इलाम लग्यो। भदौ २ गते राती १२ बजे असई कुमार दाहाल आएर मलाई बाहिर जानुपर्‍यो भनी बोलाए। मैले मध्यरातमा सङ्कटकालको झझल्को दिने गरी किन, कहाँ लान लागेको हो भनी प्रश्न गरैं। उनले मलाई बिदा मागेर आउनुहोस् भने। झन् मैले प्रतिवाद गरैं। उनले निस्कनुस्, अहिले थाहा भैहाल्छ भनी मुद्दा फाँटमा लिएर गए। त्यहाँ एकजना प्रहरी निरीक्षकले बोलाएको रहेछ। प्रहरी निरीक्षकले अब पनि पार्टी नछाड्ने हो सर ? नत्र तपाईंलाइ छाड्न मिल्दैन भने। मैले हाँस्दै जबाफ दिएँ- यो मध्यरातमा बोलाएको त पार्टी छाड् भन्नलाई पो हो ? तिमी कुन पार्टीमा छौ र म कुन पार्टीमा लाग्नुपर्ने हो ? म विचारमा प्रतिबद्ध भएर यो आन्दोलनमा लागेको व्यक्ति हुँ। म जति बाँच्छु, त्यतिन्जेल मलाई थुन्दा हुन्छ। तिमीहरू राष्ट्रसेवक कर्मचारी हौ। कुनै पार्टीको भजन नगाउँदा राम्रो हुन्छ। बरु सकिन्छ भने नेताले जित्ने होइन, जनता र देशले जित्ने आन्दोलनमा सहयोग पुर्‍याऊ। त्यसैमा तिमीहरूको पनि हित हुन्छ भनेर मैले आफ्ना कुरा राखेपछि लल, सरले पार्टी नछाड्नुहुने रहेछ लैजा भन्यो। त्यसपछि लिएर जानेले फेरि हिरासतमै पुर्‍यायो।

चौथोपटक अदालतमा म्याद थपेपछि सरकारी वकिल कार्यालयमा मेरो बयान लिइयो। बयानमा पहिलो प्रश्न नै मानसिक सन्तुलन ठीक छ ? भन्ने हुँदो रहेछ। मानसिक असन्तुलन भएको मान्छेलाई त पागलखानामा उपचारमा पो लानुपर्छ। हामी त नेपाल र नेपाली जनताको परिवर्तन चाहने मुक्ति आन्दोलनमा लागेका, उन्नत विचार बोकेका क्रान्तिकारी योद्धा हौं। त्यसैले यो प्रश्न हटाउनुस्। बयान प्रमाणविहीन बनाई मिलाउनुहोला भनी बयान गरियो।

भदौ १३ गते जिल्ला अदालतमा पेस भयो। सरकारी वकिल गोकुल निरौलाले मूलतः यो राजनीतिक मुद्दा हो भन्ने निष्कर्ष र हाम्रा तर्फबाट वकिलहरू निराजन ओझा तथा सुमन कार्कीको बहस पनि प्रशंसनीय भएपछि २ नं जिल्ला न्यायाधीश धर्मराज पौडेलको इजलासले साधारण तारिखमा छोडेर मुद्दा किनारा लाउनू भन्ने आदेशपछि ५ जना नै रिहा भयौं। तर फेरि सागर र डीबीलाई सङ्गठित अपराधको मुद्दामा सङ्खुवासभा र मलाई बम विस्फोटन तथा ज्यान मार्ने उद्योगको मुद्दामा गिरफ्तार गर्‍यो। दुईजनालाई बेलुकी नै लग्यो भने मलाई इटहरीमै राख्यो। साँझ फेरि मेडिकल लग्यो। १४ गते मलाई पुनः अदालत पेस गरियो। आज भने म आफैंले बहस गरैं। आज पनि धर्मराज पौडेलको साधारण तारिखमा छोड्ने आदेशपछि मलाई पनि गिरफ्तार गरेर सङ्गठित अपराधको मुद्दामा बेलुकी १० बजे इटहरीदेखि हिँडाए।

इटहरी हिरासतमा विभिन्न राजनीतिक पार्टीका नेता, कार्यकर्ता, पत्रकार, नागरिक समाज तथा मानवअधिकारवादी, उद्योगी-व्यापारी, वकिल, न्यायाधीश, बुद्धिजीवी, राष्ट्रसेवक प्रहरी कर्मचारी तथा नातागोता मित्रजनहरूमा भेटघाटका क्रममा बस्दा पार्टीले ल्याएको एकीकृत जनक्रान्तिको कार्यदिशाका बारेमा स्पष्ट पार्ने अवसर प्राप्त भयो। ओसोले लेखेको नारी र क्रान्ति भन्ने पुस्तक पनि अध्ययन गरियो। खपु सरकारको प्रहरी दमनको चौतर्फी विरोध भयो। म र सागर बिरामी भएकाले उपचारमा समाजसेवी हेमकर्ण पौडेलले आर्थिक-भौतिक सहयोग गरेर जीवनमा भुल्नै नमिल्ने गुन लाउनुभयो। मेरी माइली बहिनी तारा र ज्वाइँ अनिल कार्कीको पनि ठूलो सहयोग रह्यो।

१५ गते धरानमा तीन घन्टा, भेडेटार हुँदै धनकुटा पुर्‍याई पुनः मेडिकल लगेर ल्याउँदा ४ बज्यो। बिहान ७ बजे विभिन्न प्रहरी चौकी हुँदै देउराली आएर खाना खाइयो। देउरालीदेखि चैनपुरसम्म बसमा, बेलुकी ६ बजे खाँदबारी जिल्ला प्रहरी कार्यलय आइपुगियो। चैनपुरमा मेरी पत्नी टीका, बहिनी अम्बिकालगायत आफन्तहरू कसैलाई भेट गर्न दिइएन। बेलुकी पनि फेरि मेडिकल लगेर ल्याएपछि मलाई एक्लै राख्ने कुरा भयो। हिरासत राम्रो ४ कोठाको रहेछ। एउटामा पूर्वमन्त्री तथा हाम्रो पार्टीका तत्कालीन पीबीएम पदम राई, अर्कोमा डीबी र सागर, अर्कोमा अन्य मुद्दाका मानिस र एउटा खाली रहेछ। त्यही खालीमा मलाई राख्न खोजेपछि विकाससहित मैले पनि प्रतिवाद गरेपछि डीबीहरूसँगै राखियो।

१६, २६ भदौ र २ असोज गरेर म्याद थप गर्न चैनपुर अदालत ल्याइयो। प्रनानि विजय राईको जाहेरी सङ्गठित अपराधमा २५ जति, बम विस्फोट र ज्यानमार्ने उद्योग गरेर अरू दुई मुद्दा लगाइयो। हाम्रो बयान पनि नलिने, प्रहरी प्रमुखले पनि नभेट्ने र हामी यो जिल्लामा नभएको ४ वर्ष हुँदा पनि विभिन्न झूट्टा मुद्दा लगाउने गरेकाले हामीले हिरासतभित्रै आन्दोलन गर्ने भनेपछि बल्ल प्रहरी निरीक्षकसँग भेट भयो र विकासलगायत हामी सबैले जोडदार कुरा राखियो। पत्रकारहरूलाई समेत कुरा गरेपछि केही सहज भयो। सरकारी वकिल कैलाशनाथ दाहाल, निजी वकिलहरू भवानी आचार्य, चेतनाथ ढकाल, पर्शुराम रिजाल, उमेश शाक्य, जिल्ला न्यायाधीश प्रकाश राउत, श्रेस्तेदार राजन बास्तोलालगायत अदालतमा रहनुहुने सबै कर्मचारीसहित छलफल र कुराकानी सकारात्मक भयो।

विकासलाई असार १६ गते पार्टी प्रवेश कार्यक्रम काठमाडौंमा गिरफ्तार गरी सर्वोच्चको आदेशमा रिहा गरिएलगत्तै २७ गते मोरङको विराटनगरमा गिरफ्तार गरेर ल्यायो। फेरि उच्च अदालतको साउन १४ को आदेशमा रिहाइलगत्तै गिरफ्तार गरेर सङ्खुवासभा ल्याएछ। केही दिनपछि जिल्ला अदालत चैनपुरले रिहा गरेलगत्तै दाङ लग्यो र सर्वोच्चको आदेशमा दसैंअगाडि रिहा गरियो। विकाससँगै हामीलाई पनि जोडेर मुद्दा दायर गरेकाले हामीलाई अलि छिटो भयो। हामी ३ वर्षदेखि बाहिर भएकाले हाम्राबारेमा खासै समस्या हुन्न, बरु यहाँ छिटो भए अर्को जिल्ला कुदाउला भनेर हामीले बन्दी प्रत्यक्षीकरणको मुद्दा हालेनौं।

सङ्खुवासभा बस्दा पार्टीले उठाएका जनताको जनतन्त्र, जनजीविका, राष्ट्रियताजस्ता विषयमा व्यापक छलफल र कुराकानीहरू भए। अरुण तेस्रो जलविद्युत् आयोजनाका बारेमा पनि स्पष्ट पार्ने काम गरियो। अरुण तीन मात्रै होइन, कम्युनिस्ट सरकार हो भने कोसी उच्च बाँध, अपरकर्णालीलगायत जल, जमिन, जडीबुटी साथै जनताका आधारभूत आवश्यकताहरू तुरुन्तै पूरा गरियोस्। जहाँसम्म अरुण तेस्रोको कुरा छ त्यो गम्भीर दीर्घकालीन महत्वको विषय हो। अहिलेसम्मका सरकारहरूले प्राकृतिक स्रोतसाधनहरूको उच्चतम दोहन गरेर सत्ता टिकाउने तथा आफू र आफ्नालाई मात्रै पुग्दो कुम्लो बनाउने गरेका उदाहरणको एक पछिल्लो नमुना अरूण तीन हो। अरुण तीन आयोजना विश्व बैङ्कले निकाल्न खोज्दा माधव नेपाल अर्थात् तत्कालीन एमालेले विरोध गरेका कारण आज भारतको सरकारी कम्पनी सतलुजलाई दिन रहेछ भन्ने प्रस्ट भयो। अरुण तीनको विरोध हामीले मात्रै होइन, प्रचण्ड, बाबुराम, बादल, वैद्यले समेत गरेका हुन। जलस्रोत विज्ञहरू डा. बलबहादुर पराजुली, डा. गोपाल शिवाकोटी 'चिन्तन' तथा धेरै नेताहरू जिल्लामा आएर ठूलाठूला विरोधसभाहरू भएको प्रमाण अहिले पनि ताजै छ। अरुण तीन बन्नुपर्छ, बनाउने कुरामा विवाद गर्नु हुँदैन तर नेपालले बनाउनुपर्छ। अरुण तीन र माथिल्लो कर्णाली विश्वकै सस्तो लगानीमा निर्माण हुने आयोजनाहरू हुन्। विश्व बैङ्कले पावर हाउस नेपालमा, सेयर पनि नेपालीलाई, अपुग हाल्ने, कामदार पनि नेपाली, बिजुली बाल्न पनि पहिले नेपाली तर आज सतलुजले सबै आफैं गर्ने, यो हुन सक्दैन। नेपाललाई त छैन भने स्थानीय जनतालाई झन् के होला !

असोज ४ गते नभ्याएकाले ५ गते वकिलहरूको बहसपछि पहिलेको चलन धरौटी जनही बीस हजार गर्ने मिलाएर विकास, डीबी र मलाई जनही दस हजार र सागर, लेखबहादुर राउतलाई साधारण तारिखमा छोड्ने आदेश भएलगत्तै विकासलाई दाङ तथा डीबी र मलाई पुनः जिल्लामै राख्ने गरी प्रहरीले गिरफ्तार गर्‍यो। ६ गते बिहानै विकासलाई दाङ लगियो भने मोहन कार्की र कृष्ण धमलालाई दाङबाट ल्यायो। प्रवक्ता प्रकाण्ड गिरफ्तारीमा परेसँगै पार्टीका महत्वपूर्ण डायरी र सर्कुलर भेटेर प्रहरीले भएनभएको नाम मुद्दामा समावेश गर्‍यो। ७ गते पीबीएमहरूसहित अदालत ल्यायो। हाम्रो बहसमा समय नपुगेर ८ गते पुनः पेस गरियो। न्यायाधीश नभएकाले स्रेस्तेदार राजन बास्तोलाले जनही ४००० का दरले मेरो दुई, डीबीको दुई र डिल्ली राईको एक गरी ५ मुद्दा को २०,००० धरौटीमा रिहाइको आदेशपछि पनि फेरि गिरफ्तार गरेर हातहतियार तथा खरखजाना मुद्दा मलाई ४, डिल्लीलाई ३ र डीबीलाई २ जिल्ला प्रशासनमा हाल्यो। ९ गते जिल्ला प्रशासन कार्यालय लगियो र बयान धेरै भएकाले आज सकिएन। सीडीओ गणेशबहादुर अधिकारीले खासै सहयोग गरेनन्। सहायक सीडीओ मोहनमणि घिमिरे चीन गएका रहेछन्। मुद्दामा तारिणी घिमिरे भए पनि सीडीओको आदेश पालन गर्नुपर्ने कर्मचारीको बाध्यता देखियो। १० गते पनि अबेर नै गरियो। सीडीओले बोल्ने अवसरसम्म नदिई डिल्ली राईलाई ४१,००० धरौटीमा छोड्ने र हामी दुईलाई पुर्पक्षमा कारागार पठाउने आदेश गरे। साँझ परेको थियो त्यो बेला डीएसपी स्याम सारूमगरसहित सीडीओलाई देखेपछि मैले सीधै पूर्वाग्राही भएर यसप्रकारको आदेश त दिइयो। यो गलत गर्नुभयो। यसको मूल्य महँगो हुनेछ भनेर प्रतिरोध गरैं। सरी, मैले सकिनँ। माथिको आदेश छ। जागिरको सवाल छ भनेर कुरा गरे। ०५८ सालमा सीडीओ नेत्र शर्माले चौदण्डी मच्चाएपछि दार्चुलामा पार्टीले राम्रो भौतिक कारबाही गर्‍यो। त्यस्तै नहोस्। बरु सक्दो सहयोग गर्दा राम्रो हुने थियो भनेर कुरा राखियो। रात परेकाले आज पनि हिरासतमै राखियो।

हिरासतमा रहँदा दिव्य बराल, क्षितिज बराल, अमर बिस्ट, बबिता कटुवाल, देवराज पुरी, कृष्ण तोलाङी, टेकमान राई, डम्बर बाह्रकोटी, भेशषराज नेउपाने, सीता राई, धेरै प्रहरीहरू, पत्रकारहरू तथा चैनपुर अदालत आउँदा त प्रत्येकपटक श्रीमती टीका, बहिनी अम्बिका, कमला र गोपाल पौडेल, लाखमान तामाङ, कुमार खत्री, सूर्य र चन्द्र खत्री, भरत खड्का, कृष्ण कार्की, केदार पौडेल, बेन राई, रवीन्द्र नेयोङ, देवेन्द्र, ओम, सिर्जना राउत लालबहादुर खत्री, गणेश श्रेष्ठ, दुर्गा र घनश्याम डाँगी ,राम, विष्णु, गोकुल, ओमनाथ खनाल, कुमार अधिकारी, राजेन्द्र राउतलगायत धेरैधेरै महानुभावहरूको आर्थिक, नैतिक, भौतिक सहयोग रह्यो भने पूर्वएमाले, माओवादी केन्द्र र नेकाका विभिन्न नेताहरूको समेत सहयोग प्राप्त भयो।

हिरासतमा केही पुस्तकहरू हेरियो। गणेशराज शर्माले सङ्कलन गरी लेखेको बीपीको आत्मवृत्तान्त हेर्दा नेपाली काङ्ग्रेसले समाजवाद स्थापनाका नाउँमा हतियार केकसरी प्रयोग गर्‍यो र क्रान्तिकारी आन्दोलनमा कसरी हातहतियार प्रयोग गर्ने भन्ने विषयमा प्रस्ट पारिएको रहेछ। नेपालको इतिहास, जङ्गबहादुर, हिरण्यगर्वकुमारी आदि अध्ययन गर्ने अवसर मिल्यो। जिल्ला प्रशासन कर्यालयमा दर्ता गरिएको हातहतियारसम्बन्धी मुद्दा याफुको केदार राई भन्ने व्यक्तिलाई प्रहरीले गत वैशाखमा गिरफ्तार गरेपछि असोज महिनामा आएर मात्रै दर्ता गर्नुले स्वतः राजनीतिक पूर्वाग्रह देखिन्छ। एकातिर ती व्यक्तिलाई हामीले नचिनेको। अर्कोतिर ३-४ वर्षदेखि हामी सुनसरीतिर पार्टी र जनताको काममा बस्थ्यौं।

११ गते बिहान १० बजे कारागार लगियो। खाना खाइसकेकाले गर्दा चाउचाउ खानुपर्ने भयो। भित्र जानुअघि बाहिरै एक चेकिङ, त्यसपछि भित्र अर्को चेकिङ अनि भित्र अझै अरू विविध नियम रहेछन् तर हामीलाई जनवादी गीत गाउन र थपडी मार्न लगाइयो। कारागार प्रमुख विनोद अधिकारीसँग पुरानै चिनजान थियो। कारागार सुरक्षा प्रमुख सई काल्मान राई, चौकीदार दावा शेर्पा, नाइके धनबहादुर राई, शान्तिराम कोइरालालगायत धेरैसँग पुरानै चिनजान भएकाले सहज नै भयो।

सीडीओको बेरीतको आदेशविरुद्ध अदालतमा मुद्दा दर्ता गर्नका लागि कागजात प्रमाणित सीडीओले नै गर्नुपर्ने भएकाले आधा दिन आलटाल गरेर बिताइदिए। बल्लतल्ल मुद्दा दर्ता गरियो। १६ गते तीन दिनभित्र जबाफ पेस गर्न जिल्ला प्रशासनलाई पत्र पठायो। पाँच दिनभित्र पनि कागजात अदालतमा पेस नगरेकाले फेरि २४ घन्टे आदेश जारी भयो। दसैंको अघिल्लो दिन २३ गते अपराह्न ३ बजे पेस गरेकाले मुद्दाको चापका कारण र ढिला पेस गरेको हुँदा हाम्राबारेमा सुनुवाइ हुन सकेन। गत १६ गते नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा सगरमाथा ब्युरो इन्चार्ज दीपेश राईलाई उदयपुरदेखि यो जिल्लामा ल्याएछ। २३ गते नै दीपेश पनि दस हजार धरौटीमा जिल्ला अदालत चैनपुरबाट रिहा हुनुभयो।

२४ गते क. दीपेश हामीलाई भेट्न आउनुभयो। विभिन्न विषयमा कुराकानी भए। दसैं लागिहाल्यो। श्रीमती टीका, बहिनी अम्बिका,

... बाँकी पृष्ठ ५ मा

# जनयुद्ध दिवसबारे दुईचार शब्द



सीता विक 'सम्झना'

२०५२ फागुन १ नेपाली भूमिमा सर्वहारा वर्गको सपनाको उद्घाटन भएको दिन, सशस्त्र युद्धको सुरुआत भएको क्षण, एउटा वर्गको विद्रोह थियो भने एउटा वर्गको आतङ्कवाद। जनयुद्धको आँधीले दुनियाँ थर्कमान भएको थियो। तत्कालीन राज्यव्यवस्थाका विरुद्ध जनताले चालेको त्यो कदम वर्गसङ्घर्षको थियो। त्यो राजनीतिक-वैचारिक युद्ध थियो जसले नेपाली समाज र व्यवस्थाको कायापलट गर्ने सपना बोकेको थियो। २०५२ साल फागुन १ देखि दस वर्ष नेपालमा वर्गसङ्घर्षको भूकम्प नै आयो। संस्कार-संस्कृति र चालचलनमा परिवर्तनहरू आए यो कालखण्डमा जनताको सक्रिय सहभागिता रह्यो। ८० प्रतिशत भूभाग तत्कालीन नेकपा (माओवादी) को नियन्त्रणमा थियो। निमुखा जनताका बस्तीहरू आधारइलाकामा परिणत भए। जनयुद्धमा जनताका छोराछोरीको सहभागिताको तीव्रता बढ्यो। जनमुक्ति सेनाको निर्माण भयो। जनकलाकारहरू मुक्तिका गीतहरू गाउँदै जनताको घरआँगनमा पुगे। सहिद गेटहरू निर्माण भए। कार्यकर्ताहरू अहोरात्र खटे। सहिदमार्ग निर्माण भयो। कम्युन, सहकारी, नमुना स्कुल, नमुना अस्पताल, उद्योग, बैङ्कहरू जनताको सक्रियतामा सञ्चालन भएका थिए। जनसरकारले जनताको हितमा काम गर्‍यो। त्यो समय जनताका लागि सुनौलो थियो भने जनविरोधीहरू मुटुको काँडा साबित अपराधी र फटाहाहरू जनताको जेलमा रहँदै जनश्रम गर्दथे। २०६३ सम्म जनयुद्धको उभार थियो।

जब १२ बुँदे सहमति हुँदै समय अगाडि बढ्यो, बिस्तारै जनयुद्धको ओजमा गिरावट आउन थाल्यो। अन्तरिम संविधान हुँदै संविधानसभाको चुनाव भयो। जनयुद्ध ओझेलमा पर्दै गयो। विडम्बना ! जनयुद्ध भन्ने शब्दसम्म संविधानमा कतै उल्लेख भएन। माओवादी नेतृत्व चुक्दै गयो। हजारौँको बलिदान, त्याग, तपस्या र वीरताको इतिहास जनयुद्ध हो।

आज २५ औँ जनयुद्ध दिवस आउँदै गर्दा जनयुद्धको आडमा स्थापना भएको गणतन्त्रकै व्यवस्थाका मालिक बनेका माओवादी नेताहरूले जनयुद्धको 'ज' बोल्न सक्ने हैसियतसम्म गुमाएका छन्। सहिदका आफन्तहरू सम्झनामै तड्पिँदै छन्, घाइतेहरू निको हुन थालेको हिजोका घाउ चर्केको महसुस गर्दैछन्। बेपत्ता योद्धाका परिवारहरू आफन्तको पर्खाइमा छट्पटाइरहेका छन्। यो दर्दनाक स्थिति आजको वास्तविकता हो।

अर्कोतिर एउटा जनयुद्धको ठूलो हिस्सा जनयुद्ध पूरा नभएको, राज्यले जनयुद्धप्रति नजरअन्दाज गरेको जनयुद्धका मुख्य नेताहरूले आत्मसमर्पण गरेको भन्दै एकीकृत क्रान्तिको कार्यदिशा अवलम्बन गर्दै अघि बढेको छ। आजको परिदृश्यले पनि पुष्टि गरिसक्यो- जनयुद्ध अधुरै छ किनकि नेकपामाथि फरक कार्यदिशाकै आधारमा प्रतिबन्ध लगाउनु राजनीतिक स्वतन्त्रतामाथि बन्देज गर्दै सङ्कटकालको झल्को दिने गरी गैरन्यायिक हत्या, हिंसा, गिरफ्तार, धरपकड यी र यस्ता जनविरोधी कार्यहरू आज माओवादी संलग्न व्यवस्थाले गरिरहेको छ। यो एउटा प्रमाण हो। जनयुद्ध सिध्याउने खेलको पद, प्रतिष्ठा, प्रलोभनका लागि के गरेन माओवादी मुख्य नेतृत्वले ? यो छर्लङ्ग छ भनिरहनु नपर्ला तर यो इमानको खडेरी परेको अवस्थामा दलाल, भूमाफिया, भ्रष्टाचार, करछली गर्ने ठगहरूका विरुद्ध राज्यलाई चुनौती दिँदै जनताको आवाज ओकल्ने एउटा उदीयमान शक्तिका रूपमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी स्थापित हुँदैछ। जनयुद्धलाई समय अनुकूल एकीकृत जनक्रान्तिको कार्यदिशामा ढाल्दै अगाडि बढ्नु यो कदम देशका लागि ऐतिहासिक महत्वको छ। विप्लव नेकपामाथिको प्रतिबन्ध फिर्ता लिएर राजनीतिक प्रतिस्पर्धा गर्न दिनुपर्छ सरकारले।

यता कमरेड मोहन वैद्यको क्रान्तिकारी माओवादीले पनि राष्ट्रियताको पक्ष र राष्ट्रघातका विरुद्ध अडिग हुँदै जनयुद्धको लाइन नछोड्नु सराहनीय पाटो छ। त्यसैगरी गोपाल किराँतीको माओवादी, लोकेन्द्र बिष्टहरूको जनयुद्धप्रतिको लगाव र वर्गप्रेमको वकालत महत्वपूर्ण छ। यो शक्ति सिद्धान्त र कार्यदिशामा बहस गर्दै मिल्न सक्ने कुरामा मिल्दै एक ठाउँमा गोलबन्द हुँदै एकाकार भएर जनयुद्धका उपलब्धिको रक्षा गर्दै जनयुद्धको विकास गरेर अगाडि बढ्नुपर्ने समयको माग देखिन्छ। जनयुद्ध बलिदानको इतिहास हो। परिवर्तनको महाअभियान हो। कसैले पनि कमजोर ठानेर हाटहुटमा ठीक पारिन्छ भन्ने कल्पना नगरे हुन्छ। जनयुद्ध दिवस श्रमिकहरूको चाडका रूपमा हर्ष र उल्लासका साथ मनाऔँ ! जनयुद्धको अधुरो सपना परिवर्तनकारी सचेत योद्धाहरूले पूरा गर्ने कर्तव्यबोध गरौँ ! सम्पूर्ण न्यायप्रेमी, वामपन्थी, बुद्धिजीवी, कलाकार, लेखक, साहित्यकार, न्यायका लागि बोलौँ। जनयुद्धका बेपत्ता योद्धाको स्थिति तुरुन्तै सार्वजनिक हुनुपर्छ। जनयुद्ध घाइतेको उपचार र व्यवस्थापनको जिम्मा राज्यले लिनुपर्छ, सहिद परिवारको स्वास्थ्य, शिक्षाको जिम्मा लिनुपर्छ। निर्मलाहरूले न्याय पाउनुपर्छ। वाइडबडी, सुनकाण्ड, जग्गाकाण्ड, करछली, भ्रष्टाचारी कानुनको दायरामा आउनुपर्छ। गणतन्त्रमा सानालाई ऐन ठूलालाई चैन हुनु हुँदैन। गणतन्त्रको खोल ओडेर जनतालाई भ्रममा पार्न पाइँदैन। अर्को हिन्द-प्यासिफिक रणनीतिअन्तर्गत साम्राज्यवादको योजना एमसीसी सबैले बहिष्कार गरौँ। जनयुद्धको मूल्यमान्यतालाई आआफ्नो ठाउँबाट लागू गरौँ। जनयुद्ध दिवसका अवसरमा सम्पूर्ण न्यायप्रेमीमा शुभकामना भन्दै र सम्झना गर्दै विशेषगरी गैरन्यायिक तरिकाबाट कम्युनिस्ट नाउँको सरकारको जेल-हिरासतमा रहेका, कानुनले मुक्त गरेका निर्दोषहरूलाई अदालतको ढोकाबाट मानवअधिकार हनन गर्दै एक ठाउँबाट अर्को ठाउँ घिसार्दै हिँडालिएको छ। कष्टकर जीवन बिताइरहनुभएका आस्थाका बन्दी, राज्यको आँखामा आतङ्ककारी, जनताको दृष्टिमा जनताको सेवक, सच्चा कम्युनिस्टहरू, आदरणीय कमरेड सुदर्शनलगायत सयौँ साथीहरूमा शुभकामना छ ! तपाईंहरूको महान् आस्था नडग्मगाओस्। तपाईंहरूका जनयुद्धका सहयात्रीले दिएको यो सजाय र हत्कडी र नेलहरू इनाम सम्झिएर स्वीकार्दै बन्द पर्खालभित्र पनि जेल-हिरासतमा हाम्रो महान् दिन, जनयुद्ध दिवस स्मरण गर्दै मनाउनुहोला। भौतिक शरीर बन्दक भए पनि विचारको प्रवाह छाल भएर कुदिरहनेछ। समयको सुनामीले निर्लज्ज पर्खालहरू भत्काउनेछ र युगले कोल्टो फेर्नेछ। २०७६

# खाए खा नखाए घिच् : एमसीसी



झपेन्द्रराज वैद्य

पुरानो नेपाली उखान चरितार्थ भएको छ- खाने मन भए पनि नभए पनि खानैपर्छ। मीठो होस् वा नहोस् ७ दिनको बासी रोटी होस् वा मकैको च्याँख्ला, खानैपर्छ। नखाईकन सुखै छैन। अमेरिकी परियोजना एमसीसीमा पनि यस्तै भएको छ। नेताहरूले डलर खाने, जनताले मान्दिनु पर्ने ? नेताहरू दास भए भनेर जनताहरू पनि दास बनिदिनुपर्ने हो ? राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, अखण्डता र स्वतन्त्रताका लागि घातक छ एमसीसी। अगि-अगि एमसीसी, पछि-पछि अमेरिकी साम्राज्यवाद हो एमसीसी।

नेपालीलाई पशु बनाएर हरियो घाँस देखाइरहेको छ एमसीसी। सारा नेपालीले बुझेका छन् एमसीसी। एमसीसी अमेरिकी बाज हो। यो निर्दयी, क्रूर तानाशाही हो। दक्षिणएसियाली देश नेपालमा अमेरिका विकासका नाममा एमसीसी लिएर आउँदैछ। बङ्गलादेश र श्रीलङ्काले एमसीसी मानेका छैनन्। तर नेपालका दलालहरूले साम्राज्यवादको नाइके अमेरिकालाई ल्याएर नेपाललाई अफगानिस्तान बनाउँदैछन्। एमसीसी उपाध्यक्ष फतिमा सुमार कैयौँपटक नेपाल आएर रित्तो हात अमेरिका फर्केको अवस्था छ। अमेरिकी सहायक विदेशमन्त्री पनि नेपाल आइरहेका छन्। अहिले अमेरिकालाई 'प्रथम गाँसे मक्षिका' जस्तै भएको छ। एमसीसीको विरोधमा चौतर्फी आँधीबेरी आएकाले फतिमा र विदेशमन्त्री त फर्किएका छन् तर उनका चाकरहरूले नेपालमा बसी सेवा गरिरहेका छन्। चाकरी पनि कस्तो चाकरी ? यो देशका प्रमले एमसीसीको विरोध गर्नेहरूलाई जेल हालिन्छ भनेर डरत्रास देखाउन पछि परेनन्। अझ एमसीसी लागू नगरेमा भारतले नाकाबन्दी गर्छ भनेर धम्की दिएको अवस्था छ।

लिपुलेक, लिम्पियाधुरा र कालापानीमा भारतीय सेना परेड खेलिरहेका छन्। सयौँ हेक्टर जमिन सुस्तामा भारतबाट मिचिएको अवस्था छ। हजारौँ हेक्टर जमिन भारत पक्षबाट मिचिएको अवस्थालाई नजरअन्दाज गरी चीनसँगको सीमा जाँच गर्ने भनेर भद्दा नाटक प्रहसन गरेको छ। दार्चुलाको जयसिंह धामी हत्या प्रकरणमा सरकार मौन बस्नुले सरकारले कसको सेवा गरिरहेको छ ? भन्ने प्रश्न उठेको छ। विष हालेको लड्डु दिएर खानैपर्छ भन्ने ? अहिले अमेरिकी साम्राज्यवादले यस्तै गराएको छ। अनुदान वा सहयोग खुसीले दिने खुसीले लिने हो। कुनैले तिमीलई घर बनाउन एक करोड दिन्छु तर त्यो घर मेरो अधीनमा हुनेछ। भाडामा दिन मेरो अनुमति लिनुपर्नेछ। बेचबिखन गर्दा मसँग सोध्नुपर्नेछ भन्यो भने के त्यो घरमा उसको अधिकार रहन्छ ? अहिले एमसीसी सम्बन्धमा पनि अमेरिकाले त्यस्तै गराएको छ। ५६ अर्बको अनुदान दिने भनेको छ तर एमसीसी परियोजनाको लेखा अमेरिकाको मात्र हुनेछ। नेपालको कानुनसँग बाझिएमा पनि एमसीसी नेपालको संबिधान कानुनभन्दा माथि हुनेछ। एमसीसी परियोजना समाप्तिपछि पनि यसको कार्यालय नेपालमा रहिरहनेछ भन्ने कुरा उल्लेख छ। सबभन्दा डरलाग्दो र खतरनाक कुरा त यो परियोजना इन्डो प्यासिफिक रणनीति हो। यसलाई छोटकरीमा आईपीएस भनिन्छ। यो रणनीतिअनुसार अमेरिकी सेना नेपालमा आई क्याम्प बनाएर बस्नेछ। नेपालमा हीरा-मोती भएको र चीनलाई पनि हिर्काउन पाइने हुँदा एमसीसी लागू गरिने ४९ औँ देशमा नेपाललाई रोजेको छ अमेरिकाले। अहिले अमेरिका, ब्रिटेन र अस्ट्रेलिया मिलेर इन्डोप्यासिफिक स्ट्राटेजी थप बलियो बनाउँदैछन्। पनडुब्बी जहाजको तयारी गरिरहेका छन्। नेपाल पसेर चीनलाई घेरा हाल्ने अमेरिकाको रणनीति हुँदै आएको छ। नेपाललाई अमेरिकाले अफगानिस्तान बनाउन चाहिरहेको छ। यसैका लागि अमेरिकाले एमसीसी भिराउन कोसिस गरिरहेको छ। एमसीसीको उपाध्यक्ष फातिमा जेड सुमारले नेपाललाई चीनले पैसा दिएर एमसीसीको विरोध गर्न लगाएको छ भन्ने नकारात्मक टिप्पणी गरेको सुन्दा साम्राज्यवादले कतिसम्म तल गिरेर मिथ्या प्रचार गर्ने रहेछ भन्ने कुरा प्रमाणित हुन्छ। नेपाली जनता स्वयम् सजग छन्। अमेरिका भेष बदलेर नेपाल आउँदैछ भन्ने कुरामा नेपाली स्पष्ट छन्। एमसीसीको विष भरेको थैलो लिएर अमेरिका नेपाल पस्दैछ। नेपाल रणमैदानमा परिणत हुनेछ। नेपालले एमसीसी चाहिँदैन भन्दा अमेरिका लिसोजस्तै लागिरहेको छ। अमेरिकालाई साथ दिन यहाँका दलालहरू न्वारानदेखिको बल लगाइरहेछन्। एनसेलको करठगी वाइडबडी आदि काण्डबाट कमिसन खाएर पल्केका दलालहरूले एमसीसीको कम्तीमा ६ अर्ब त उडाइसकेका छन्। त्यसैले एमसीसी देशको हितमा छ भनेर उफ्रिरहेका छन्।

एमसीसी कुनै हालतमा लागू हुन सक्दैन। नेकपाले जारी राखेको एकीकृत जनक्रान्तिले यसलाई निस्तेज पार्नेछ। एमसीसी समर्थन गर्ने दलालहरूलाई जनताले घरघरबाट थुतेर कालोमोसो धसी जुत्ताको माला लगाइदिएर गाउँगाउँमा घुमाउनेछन्। पैसा नै चाहिएको हो भने चीनले नेपालको विकासका लागि यसको डबल दिनेछौँ तर एमसीसी बहिष्कार गर्नुपर्छ भनेको छ। यसैले पुर्खाको इज्जत राख्न र नेपालको स्वाभिमान उचो गराउन एमसीसीको सशक्त बहिस्कार गर्नुपर्छ। सम्भवतः फागुन १६ गते एमसीसीको छिनोफानो हुनेछ।

## समाजवाद स्थापनाको ....

कमला र गोपाल पौडेल, मानबहादुर खत्री, डम्बर कुमारी बुढाथोकी, दीपेश, सुनिता बुडाथोकि, शोभा न्यौपाने, उपेन्द्र घिमिरे, सीता राई, दिव्य बराल, देवराज पुरी, जमुना राई, पार्वती बिष्ट, गङ्गा र सुरेन्द्र बिष्ट, पूर्वमन्त्री पदम राईलगायत भेटघाट गर्न धेरै नातागोताहरूले खानेकुरा तथा विविध सामग्रीसहित आउनुभयो। कारागारभित्र जबर्जस्ती करणी, ठगी, ज्यान मार्ने उद्योगजस्ता मुद्दाहरू लगाइएका ९८ जना कैदी रहेछन्। अधिकांश व्यक्तिहरू निर्दोष हुँदाहुँदै पनि फसाइएको रहेछ भने कतिपय दोषी हुँदाहुँदै पनि केही पार्टीका नेताहरू, प्रहरी, वकिलसमेत मिलेर पैसा खाएर छाडिएको पाइयो। दसैँपछि कात्तिक ११ गते पेसी तोकिएको थियो तर अदालत आएपछि जिल्लामा मन्त्री आकस्मिक आएको भन्दै न्यायाधीश नभएकाले १२ गतेलाई तोकियो। १२ गते जिल्ला न्यायाधीश प्रकाश राउतको इजलासले साधारण तारिखमा छाड्ने आदेश भयो। आज पनि हाम्रो रिहाइलाई साथ दिन बुबा, छोराछोरी, श्रीमती, बहिनीलगायत धेरै इष्टमित्रहरू आउनुभएको थियो। जिल्ला प्रशासन कार्यालयबाट रिहा गर्ने भएकाले ओठतालु सुकेर सबै फर्किए। बेलुका हामीलाई कारागारमै राखियो। १३ गते ११ बजे जिल्ला प्रशासन कार्यालय त पुगियो तर सीडीओ बैठकमा भएकाले सहायक सीडीओ मोहनमणि घिमिरेसँग कुराकानीका क्रममा माथिको आदेश र केही गलत सूचनाको दबाबका कारण तपाईंहरूलाई थुनामुक्त गर्न सकिएन। अब ढिलो नै भए पनि अदालतले न्याय दिएकाले हामी खुसी छौँ भन्ने कुरा आयो। दिनभरिको बसाइपछि अपराह्न ४:३० बजेतिर थुनामुक्त आदेशको पत्र बन्यो। पत्र लिई करागार प्रमुखकहाँ पुगियो। प्रमुखसहित सबै प्रहरी र कैदीहरू खुसी भए र खुसी साटासाट भयो। अन्ततः दलालहरू परास्त भए। हामी भने अझ उत्साहित भएर जनताको मुक्ति आन्दोलनका निम्ति सशक्त भएर लाग्ने प्रतिबद्धतासहित सबैलाई धन्यवाद दिएर त्यहाँबाट कमरेडहरू प्रदीप श्रेष्ठ र देवराज पुरीका साथ आआफ्नो गन्तव्यतिर लाग्यौँ।

# नेपाल बन्दमा व्यापक गिरफ्तारी र धरपकड

**काठमाडौँ।**

राष्ट्रघाती एमसीसीविरुद्ध नेकपालगायत पाँच राजनीतिक दल र एक मोर्चाले चार गते आह्वान गरेको शक्तिशाली र जुझारु नेपाल बन्दको सकारात्मक प्रभाव देशभर परेको छ। देशभरका अधिकांश स्थानमा जनताले बन्द प्रभावकारी बनाउन आन्दोलनको नेतृत्व गरिरहेका दलहरूलाई सघाएका थिए।

आन्दोलनकारी दल र जनसमुदायले देशका विभिन्न स्थानमा टायर बाल्नुका साथै ससाना र्‍याली निकालेका थिए। पाँचदलीय गठबन्धन सरकारले नेपाल बन्दका लागि सडकमा निस्किएका आन्दोलनकारीलाई व्यापक गिरफ्तार र धरपकड बढाएको छ। काठमाडौँको बागबजार क्षेत्रलाई प्रहरीले घेराउ गरेको जानकारी अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य अनिल केसीले दिए।

काठमाडौँबाट प्रहरीले जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय सचिव टीका चौधरी (सामाखुसी), अखिल क्रान्तिकारी भक्तपुरका संयोजक अशोक महतरा (भक्तपुर), अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य प्रेम सिँजापति (पाण्डु), अखिल क्रान्तिकारी पशुपति क्याम्पस एकाइ अध्यक्ष सुवास महत, छत्र विक, निराजनलगायत विद्यार्थी सङ्गठनका सातजनालाई बागबजारबाट गिरफ्तार गरेको थियो।

बन्दका कारण काठमाडौँलगायत देशभर लामो तथा छोटो दूरीका सवारीसाधन ठप्प भए भने बजार, व्यवसाय, शिक्षण संस्था, उद्योग कलकारखाना पनि बन्द रहे। नेपाल बन्दलाई सफल पार्न मङ्गलबार साँझ देशभर मसाल जुलुस निकालिएको थियो।

अमेरिकी साम्राज्यवादको हस्तक्षेप, दबाब एवम् धम्कीमा देउवा सरकारले राष्ट्रघाती एवम् जनघाती एमसीसी कम्प्याक्ट सदनमा टेबुल गर्ने र पारित गर्ने अन्तिम प्रपञ्च गरिराखेकाले उक्त राष्ट्रघाती षड्यन्त्रविरुद्ध नेकपासहित पाँच राजनीतिक पार्टी र एक मोर्चाले बुधबार शक्तिशाली र जुझारु नेपाल बन्द आह्वान गरेका थिए।

# नेकपाले उदयपुरमा गर्‍यो जिल्ला प्रशासन कार्यालय घेराउ

**अनिता गजमेर**/उदयपुर

नेपाल कम्युनिस्ट पार्टी उदयपुरले राष्ट्रघाती एमसीसी सम्झौताविरुद्ध उदयपुरको सदरमुकाम गाईघाटमा जिल्ला प्रशासन कार्यालय घेराउ गरेको छ। उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारको पीपलचोकबाट जुलुस निकाली जिल्ला प्रशासन कार्यालयमा गएर १ घन्टा धर्ना दिएको छ। नेकपालगायत ६ दल र १ मोर्चाको सहभागिता थियो।

उक्त धर्नापछि प्रमुख वक्ताका रूपमा सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा उदयपुर-ओखलढुङ्गा इन्चार्ज विवेक कुमालले नेपालमा विकासको नारा लिएर आएको एमसीसी परियोजना राष्ट्रका लागि घातक रहेको बताए। अनुदान नै भए अरू संस्थाले मन्त्रालयमा सम्झौता गरेअनुसार सम्झौता गरी काममा लगाउँदा हुने धारणा राख्दा उनले एमसीसी सदनबाटै पास गर्नुपर्ने दबाबले नेपाल इराक र अफगानिस्तानजस्तै हुने चिन्ता व्यक्त गरे।

कुमालले एमसीसी पास गर्न खोज्ने प्रधानमन्त्री शेरबहादुर देउवा, प्रचण्ड, केपी वली, बाबुराम भट्टराईलगायत नेतालाई त्यसो नगर्न चेतावनीसमेत दिए। जनताको भावनामाथि खेलबाड नगर्न पनि उनले आग्रह गरे। एमसीसी पास गरिएमा त्यसको हिसाबकिताब जनताले राम्रोसँग गर्ने चेतावनी दिँदै उनले नेकपाको सहायक सङ्गठन युवा सङ्गठनले सांसदहरूलाई घरघरमा पुगेर पत्र पठाएको जानकारी दिए। उनले सम्पूर्ण जनतालाई एमसीसीको विपक्षमा उभिन आग्रह गरेका थिए।

एमसीसीका बारेमा नेकपा क्रान्तिकारी माओवादीबाट मोहसिंह तामाङले पनि एमसीसीविरुद्ध बोलेका थिए। कार्यक्रमको सञ्चालन नेकपाका जिल्ला सेक्रेटरी लक्ष्मण पौड्यालले गरेका थिए।


## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ।

२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं।

३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ। घर अगाडीको सडक तथा फुटपाथमा निर्माण सामाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं।

४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ।

पूर्ण के.सी. — नगर प्रमुख
मन कुमारी घर्तिमगर — उप- प्रमुख
महेन्द्र पराजुली — प्रमुख प्रशासकीय अधिकृत

**रोल्पा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, लिवाङ, रोल्पा**
**लुम्बिनी प्रदेश**

सन्दर्भ : सहिद सप्ताह

# झापा विद्रोहदेखि एकीकृत जनक्रान्तिसम्म



अशोक सुवेदी

सहिद सप्ताह सुरु हुँदैछ । २०२८ सालमा झापाबाट आरम्भ भएको 'झापा विद्रोह' का क्रममा २०२९ साल फागुन २१ गते झापा र इलामबीचको सुखानीको जङ्गलमा बलिदान गर्ने सहिददेखि २०५२ साल फागुन १ मा नेकपा (माओवादी) को नेतृत्व र आह्वानमा आरम्भ भएको जनयुद्धका क्रममा २०५२ साल फागुन १४ गते बलिदान गर्ने जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलसम्मको त्याग, शौर्य र बलिदानलाई गाँसेर जनयुद्धका क्रममा सहिद सप्ताह आरम्भ गरिएको थियो । अब सहिद सप्ताह अझै व्यापक बनेको छ । झापा विद्रोहदेखि १० वर्षसम्म सञ्चालित जनयुद्धमा बलिदान गर्ने सहिदहरूको शृङ्खलामा एकीकृत जनक्रान्तिका १२ जना महान् सहिदहरूको सूची थपिएको छ ।

फागुन १४-२१ ले नेपाली जनक्रान्तिले निर्माण गरेको एउटा विशिष्ट जनवादी पर्वको स्वरूप लिइसकेकाले एकीकृत जनक्रान्तिका महान् सहिदहरू पनि यसै शृङ्खलामा जोडिन पुग्छन् । जसरी २०५२ सालबाट आरम्भ भएको जनयुद्धको जग २०२८ सालको झापा विद्रोह हो भनेर संश्लेषण गरिएको थियो, त्यसैगरी एकीकृत जनक्रान्तिको जग झापा विद्रोहदेखि जनयुद्धसम्म बनेका छन् । त्यसैले यो सहिद सप्ताह पर्व पनि झापा विद्रोहदेखि एकीकृत जनक्रान्तिसम्मका महान् सहिदहरूको



क. दिल बहादुर रम्तेल
२०५२ फागुन १४

त्याग, शौर्य, बलिदानको जगमा निर्मित पर्व हो । नेपालको राजनीतिक इतिहास महान् त्याग, समर्पण, शौर्य र बलिदानको इतिहास हो । यहाँको राजनीतिक इतिहासमा त्याग, शौर्य र बलिदान मात्र होइन, गद्दारीहरू पनि भएका छन् । जसरी झापा विद्रोहका नायक, सहनायकहरू त्यो विद्रोहप्रति पश्चाताप र ग्लानि गर्दै दलाल पुँजीवादी भासमा जाकिए, महान् जनयुद्धका नायकहरू पनि त्यो गौरवशाली विगतप्रति पश्चाताप गर्दै दलाल सत्ताको टाँगमुनि छिरिसकेका छन् । ती कायरहरूले धुलोमा फालेको गौरवशाली रातो झन्डालाई आज कमरेड विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीले उठाएको छ र एकीकृत जनक्रान्ति सानदार ढङ्गले सफलताको दिशामा अघि बढिरहेको छ । नेपाली समाज र चेतनालाई यहाँसम्म ल्याइपुर्‍याउने महान् सहिदहरूप्रति गर्व गर्दै लालसलाम टक्र्याउनु हाम्रो पहिलो कर्तव्य हो । करिब डेढ वर्षअघि लेखिएको यो छोटो आलेखमा भने झापा विद्रोह र सुखानीका सहिदहरूका बारेमा सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

२०२९ साल फागुन २१ गतेको मध्यरातको सुनसान समय । ऐतिहासिक झापा विद्रोहका क्रान्तिकारी योद्धाहरू : पूर्व कोसी प्रान्तीय कमिटीको झापा जिल्लाकै ४५ वर्ष काटिसकेका बौद्धिक योद्धा रामनाथ दाहाल, गरामुनिका जुझारु युवा नेता नेत्र घिमिरे, भर्खर एसएलसी उत्तीर्ण गरेका भर्भराउँदा क्रान्तिकारी युवा कृष्ण कुइँकेल र नारायण श्रेष्ठ अनि तत्कालीन सरकारमा पीडीओ (सरकारी अधिकृत) भइसकेका आदिवासी समुदायका भरपर्दा नेता तथा राजवंशी समुदायका विश्वासपात्र वीरेन राजवंशीलाई निरङ्कुश पञ्चायती सरकारले झापा जेलबाट इलाम जेल सार्ने बहानामा जिपमा राख्यो र झापाबाट इलामतिर हुइँक्यायो । जिप गुड्ने ठाउँसम्म जिपमा लगियो र झापा-इलामको सिमानानिर पर्ने सुखानीको जङ्गलमा पुर्‍याएर ओरालियो । हतकडी लगाइएका र आँखामा पट्टी बाँधिएका झापा विद्रोहका नेताहरूलाई जङ्गलको अलि भित्रसम्म लगेर लाम लगाउँदै आत्मसमर्पणका लागि प्रस्ताव गरियो । ऊभन्दा ऊ कुनै पनि योद्धाले आत्मसमर्पण गर्नु त परै जाओस्, तिनको योजनामुताबिक विद्रोहमा सामेल भएकोमा पश्चाताप र प्रायश्चितसमेत गरेनन्, बरु उनीहरूले गर्वसाथ भने- निरङ्कुश पञ्चायती व्यवस्था मुर्दावाद, राजतन्त्र मुर्दावाद, नयाँ जनवादी क्रान्ति जिन्दावाद, मालेवाद जिन्दावाद, चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्ति जिन्दावाद, नक्सलबाडी क्रान्ति अमर रहोस्, वर्गशत्रु सखाप अभियान सफल पारौँ, नेपाली क्रान्ति जिन्दावाद !' जीवनको भिक माग्ने आस गरेर बसेका पञ्चायती शासकका मतियारहरू क्रान्तिकारीले लगाएको गगनभेदी नाराबाट अत्तालिए ।

त्यसपछि विद्रोहको राप र तापले पग्लिँदै गएका पञ्च शासकहरूले तिनका मतियारहरूलाई आदेश दिए- डाँकासँग दोहोरो भिडन्त भन्दै पाँचैजनालाई एक चिहान बनाइदेऊ । क्रान्तिकारी योद्धाहरू अन्तिम समयसम्म पनि गलेनन् बरु गौरवशाली मृत्यु स्वीकार्न राजी भए जसरी निरङ्कुश राणा शासनविरुद्धको सङ्घर्षमा युवा क्रान्तिकारी योद्धा गङ्गालालहरुले र महान् जनयुद्धको समयमा दोरम्बालगायत मोर्चाका महान् योद्धाहरुले दुस्मनलाई ललकार्दै आफ्नो अन्तिम इच्छा तानाशाहीको अन्त्य र समानमूलक समाज निर्माण रहेको उद्घोष गरेर वीरगति र बलिदानलाई सगर्व स्वीकार गरेका थिए । झापा र इलामका बीचको घना जङ्गलको रातको सन्नाटा चिर्दै आततायीहरूले




क्रान्तिकारी योद्धाहरूको शरीरका विभिन्न ठाउँमा गोली दागे । ढल्नै लाग्दा ती महान् योद्धाहरूले फेरि नारा लगाए- मालेमा जिन्दावाद, नयाँ जनवादी क्रान्ति लालसलाम, वर्गशत्रु खतम पारौँ... । नारा लगाउँदै उनीहरूले त्यो घोर सन्नाटालाई चिरे र बिदा भए ।

हो, नेपालको समग्र राजनीतिक आन्दोलन मात्र नभएर कम्युनिस्ट आन्दोलनकै पहिलो सशस्त्र विद्रोहका क्रान्तिकारी योद्धाहरूको यही विद्रोह र बलिदानको गाथा हो झापा विद्रोह र झापा विद्रोहका तिनै महान् योद्धाहरूको कायरतापूर्ण हत्याकाण्ड हो सुखानी हत्याकाण्ड ।

इतिहासमा कयौँ यस्ता घटना हुन्छन् जुन अगुवाहरूको बेइमानीका कारण अलपत्र वा बेवारिस हुन्छन् र त्यसको ऐतिहासिक महत्वको कार्यभार अरू कसैले लिनुपर्ने हुन्छ । नेपालमा दुरुस्तै नभए पनि केही मिल्दाजुल्दा दुईवटा यस्ता घटना भएका छन् : पहिलो, २०२८ सालमा भएको ऐतिहासिक झापा विद्रोह र दोस्रो, २०५२ सालबाट आरम्भ भएर करिब ११ वर्षसम्म सञ्चालनमा रहेको महान् जनयुद्ध । यति बेला यी दुवै विद्रोह अभिभावकविहीन बने र राजनीतिमा तेस्रो पुस्ता भन्न मिल्ने स्तरबाट यसको स्वामित्व ग्रहण गर्ने र निरन्तरता दिने काम भइरहेको छ । महासचिव विप्लवको नेतृत्वमा नेकपाले एकीकृत जनक्रान्तिको कार्यदिशाका माध्यमबाट ती अधुरा क्रान्तिहरूलाई सफल बनाउने अभियान थालेको छ र तीव्रतामा अघि बढाएको छ । यसै क्रममा थप १२ जना योद्धाले वैज्ञानिक समाजवादका लागि बलिदान गरिसकेका छन् । कयौँ योद्धाहरु अझै जेल र हिरासतमा बसेर सामाजिक फासिवादी, पुँजीवादी सत्तासँग लडिरहेका छन् ।




राजनीतिक तरङ्गका हिसाबले यी दुवै राजनीतिक आन्दोलन/सन्दर्भले पृथक महत्व राख्छन् । पहिलो घटना अर्थात् झापा विद्रोह एउटा क्षेत्रीय स्तरको पार्टीको पनि जिल्ला समितिले सञ्चालन गरेको थियो भने दोस्रो घटना अर्थात् जनयुद्ध राष्ट्रिय स्तरको सिङ्गो पार्टीले । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा पहिलो घटना अर्थात् झापा विद्रोह वर्गसङ्घर्षको पहिलो र सङ्गठित विद्रोहको उठान थियो तर यसका सञ्चालकहरूको अपरिपक्वता, किंकर्तव्यविमूढता र आलोकाँचोपनका कारण उपलब्धि कम र क्षति बढी भएर टुङ्गियो तर त्यसको तरङ्ग भने आजसम्म पनि जारी छ । अझ भनौँ यसका सञ्चालक वा अगुवाहरू नै आफैँले सञ्चालन गरेको विद्रोहबाट विमुख भए र कालान्तरमा आफैँले आरम्भ गरेको विद्रोहलाई 'उग्र वामपन्थी भड्काव' देख्ने स्थानसम्म पुगेर संशोधनवादमा चुर्लुम्म डुबे । त्यस विद्रोहको स्वामित्व ग्रहण गर्न पनि लज्जाबोध गरिरहेका छन् हिजोका नायकहरू । झापा विद्रोहका नायकहरूमध्येका एकजना सीपी मैनाली भन्छन्, ' हामी कमरेड माओद्वारा सञ्चालित चिनियाँ क्रान्ति र विशेषतः सर्वहारा सांस्कृतिक क्रान्तिबाट प्रेरित थियौँ । यता हाम्रो नजिकै भारतको नक्सलबाडीमा कमरेड चारु मजुमदारले सशस्त्र विद्रोह आरम्भ गर्नुभएको थियो । हामी यिनै ठूला दुई क्रान्तिबाट प्रभावित भयौँ ।'

मैनालीका अनुसार झापा विद्रोह गल्ती नै थियो भनेर आजसम्म पार्टीगत रूपमा र माइन्युट नै गरेर निष्कर्ष ननिकालिएको भए पनि तत्कालीन एमाले समूहले त्यसको स्वामित्व ग्रहण नगर्ने निष्कर्ष निकालिसकेको छ । -एक वार्तामा) सीपीले प्रकारान्तरले त्यो विद्रोहलाई 'उग्र वामपन्थी भड्काव' का रूपमा चित्रण र प्रमाणित गर्ने प्रयास पनि गरे ।

पछिल्लो ऐतिहासिक राजनीतिक घटनाक्रम अर्थात् जनयुद्ध विश्वमै कम्युनिस्ट आन्दोलनले धक्का खाइरहेको समयमा हिमालयको देशबाट मालेमावादीहरूबाट आरम्भ भएको वसन्ते गर्जन थियो । राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल बनाउँदै गरिएको यस राजनीतिक घटनाक्रममा हजारौँ योद्धा र नागरिकको बलिदान भयो । राजनीतक नेतृत्वको पलायन र गद्दारीका कारण प्रतिबद्धता र उद्देश्यअनुसार उपलब्धि हासिल हुन सकेनन् । केही आंशिक राजनीतिक परिवर्तन मात्र भयो । त्याग, शौर्य, बलिदान र अपेक्षाअनुसारको रूपान्तरण नभईकनै मुख्य नेतृत्व पुच्छर लुकाएर दुस्मन क्याम्पतिर भागेकाले देश, जनता र वर्गप्रति धोका भयो । प्रकारान्तरले दुवै राजनीतिक विद्रोहहरू असफलतामा टुङ्गिए । फलस्वरूप नयाँ जनवादी क्रान्ति हुँदै वैज्ञानिक समाजवाद स्थापना गरेर साम्यवाद स्थापनाको बाटोमा लाग्ने महान् उद्देश्यसाथ आरम्भ गरिएका ती विद्रोहहरू षड्यन्त्रपूर्वक समाप्त पारिएपछि वैज्ञानिक समाजवादी शासन व्यवस्था स्थापना हुनुपर्ने ठाउँमा आज दलाल पुँजीवाद स्थापना हुन पुगेको छ । मुलुकमा राजनीतिक प्रतिक्रान्तिसँगै सांस्कृतिक प्रतिक्रान्ति भएको छ ।

राजनीतिक रूपमा दुवै विद्रोहको महत्व कम छैन । दोस्रो विद्रोह अर्थात् जनयुद्धको जग पहिलो विद्रोह अर्थात् झापा विद्रोह नै थियो । पहिलो विद्रोहको प्रभाव भने चिनियाँ भूमिमा कमरेड माओ त्सेतुङले आरम्भ गर्नुभएको महान् सर्वहारा सांस्कृतिक क्रान्ति र भारतको नक्सलबाडीमा कमरेड चारु मजुमदारले आरम्भ गर्नुभएको सशस्त्र विद्रोह थिए । मूल नेतृत्वले झापा विद्रोह, त्यसको तरङ्ग र प्रभावलाई बेवारिसे बनाइदियो अर्थात् झापा विद्रोहको अवस्था एउटी कुमारी आमाले अवैध सम्बन्धबाट रहेको गर्भलाई लोकलाजका डरले सिस्नोको झाङमा फालिदिएझैँ फालिदियो र दोस्रो विद्रोहको मूल नेतृत्व साझा नेता, कार्यकर्ता, सहिद परिवार, बेपत्ता योद्धा, तिनका आफन्त, घाइते अपाङ्ग र जनता सबैको आशामा तुसारापात गर्दै वर्गयुद्धको बाटोबाट कथित शान्तिको बाटोमा कुलेलम ठोक्यो । सकारात्मक घटनाबाट विकसित नकारात्मक परिणतिको गर्भबाट फेरि अर्को जनविद्रोहको विकास र अभ्यास भइरहेको छ एकीकृत जनक्रान्ति । आज फेरि क्रान्तिकारी कम्युनिस्टहरू झापा विद्रोहका सहिदहरू र जनयुद्धका सहिदहरूको चिहान खोतलेर नयाँ विद्रोह अघि बढाइरहेका छन् । यही सिलसिलामा हामी यतिबेला चिहानबाट सुखानी हत्याकाण्डका महान् सहिदहरू रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठका हड्डीहरू खोतलिरहेका छौँ । यतिबेला झापा विद्रोहका अगुवाहरूले होइन, झापा विद्रोहका यिनै महान् सहिदहरूको गौरवशाली बलिदानले बोकिरहेको छ त्यो महान् विद्रोहको गौरवशाली इतिहास । झापा विद्रोह नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको इतिहासमा लालअक्षरमा अङ्कित छ र रहिरहनेछ ।

नेपाल कम्युनिस्ट पार्टी स्थापनाको एक दशक नपुग्दै २०१० को दशकको आरम्भमै तत्कालीन नेता मनमोहन अधिकारीले राजतन्त्र स्वीकार्छु भनेर राजा त्रिभुवनलाई बिन्तीपत्र हालेपछि नेकपामा गद्दारीको कालो इतिहास आरम्भ भयो । सोही दशकको उत्तरार्द्धमा नेकपाका तत्कालीन मुख्य नेतृत्व केशरजङ्ग रायमाझीले सिङ्गो नेकपालाई दरबारमा बुझाएर दलाली र गद्दारीको अर्को महापतनको बाटो रोजे । त्यसपछि नेकपामा विभाजनको शृङ्खला सुरु भयो । वर्तमानको सरकारी नेकपा अर्थात् इतिहासको झापाली समूहका नामले परिचित माले, कोअर्डिनेसन कमिटी र त्यसअघिको पूर्वकोसी प्रान्तीय कमिटी पनि त्यही विभाजनको एउटा सानो झुण्ड थियो । झापा विद्रोह पूर्वकोसी प्रान्तीय कमिटीको झापा जिल्ला समितिको नेतृत्वमा भएको थियो । नेकपाको नेतृत्वमा एकीकृत जनक्रान्ति जारी छ र यो सहिद सप्ताहले वैज्ञानिक समाजवादसम्म पुग्ने प्रतिबद्धता व्यक्त गर्नुपर्छ ।



## एमसीसी विरुद्धको ....

भूमण्डलीकृत पुँजीवादी ध्रुवीकरणको छायामा परेकाले भारतको चाहना प्रकट हुनसकेको छैन। तर हाम्रो सुस्पष्ट धारणा छ- एमसीसी सबैभन्दा बढी नेपाल र नेपाली जनताको स्वाधीनता एवम् सार्वभौमिकतासँग जोडिएको मामिला हो। यसले जति प्रत्यक्ष नेपाल र नेपाली जनतालाई प्रभाव पार्छ अरू कसैलाई पनि पार्दैन।

हामीले प्रस्ट बुझेका छौं- एमसीसीको मामिला भनेको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतासँग जोडिएको मामिला हो र यसका विरुद्धको सङ्घर्ष भनेको अरू धेरै नभएर राष्ट्रिय स्वाधीनताको रक्षासँग जोडिएको लडाइँ हो। यो सङ्घर्ष नेपाली जनताको बुझाइ र सोचाइका आधारमा सङ्गठित भएको सङ्घर्ष हो। तर पछिल्लो समय देशभन्दा बाहिरबाट हेर्दा अमेरिकी प्रशासन र प्रचार माध्यमहरूले र देशभित्र हेर्दा नेपाली काङ्ग्रेसले यो सङ्घर्षलाई नेपालको राष्ट्रिय स्वाधीनताबाट बाहिर झिकेर बलजफ्ती पुँजीवादी प्रजातन्त्र र कम्युनिस्ट विचारधारा तथा पार्टीबीचको सङ्घर्षका रूपमा ध्रुवीकृत गर्न खोजिरहेका छन्। हाम्रोजस्तो देशका लागि यो धेरै चुनौतीपूर्ण अवस्था हो किनकि एमसीसी सम्झौता सबैका आँखासामु खुला छ भने यसबारे अमेरिकी सरकारका मन्त्रीहरू एवम् विज्ञहरूले प्रस्ट बोलेका विषयहरू सार्वजनिक नै छन्। उनीहरूले एमसीसी अमेरिकी राष्ट्रिय सुरक्षालाई केन्द्रमा राखेर विश्वमा प्रस्तुत गरेको परियोजना एवम् हिन्द-प्रशान्त रणनीतिको अङ्ग भएको धारणा प्रस्ट पारेका छन्। यसकारण एमसीसीलाई सारा नेपाली देशभक्त नागरिकहरूले राष्ट्रघाती देखेका छन् तर नेपाली काङ्ग्रेस र बाबुराम भट्टराईहरूले राष्ट्रहितमा देख्ने किन र कसरी भएको छ ? यसको सीधा कारण अरू नभएर नेपाली काङ्ग्रेसले नेपाली समाजमा आफ्नो राजनीतिक विचार र आर्थिक नीतिहरूद्वारा प्रभाव जमाउन र लोकप्रिय हुन असम्भव बन्न पुग्नु हो। चुनावमै व्यक्त जनमत ६३ प्रतिशत कम्युनिस्ट समर्थनमा रहेको छ भने हामीसहित लाग्दा त्यो ६५ भन्दा माथि पुग्ने अवस्था छ। कम्युनिस्टहरू सबै राजनीतिक मुद्दामा एक ठाउँमा आउने हो भने काङ्ग्रेसको जनमत अरू कमजोर हुने निश्चित छ। यो अवस्थामा काङ्ग्रेसले २००७ सालपछि देशभित्र विदेशी शक्तिलाई पसाएर भए पनि सत्तामा आफ्नो हैसियत कायम राख्ने जुन खेल खेलेको थियो त्यही सोच प्रयोग गर्न खोजिरहेको देखिन्छ। अर्थात् २००७ सालपछि भारतलाई पसाएर सत्तामा पुग्न प्रयास गरेजस्तै अहिले एमसीसीका नाममा अमेरिकालाई नेपाली राजनीतिमा हाबी गराएर काङ्ग्रेस सत्तामा टिक्न चाहन्छ। काङ्ग्रेसले बुझ्नुपर्छ राष्ट्रघात गरेर पनि सत्तामा पुग्ने र टिक्ने सोचाइ तत्कालका लागि आवश्यक देखिए पनि दीर्घकालिक रूपले उसका लागि यो समाप्त हुने मुद्दा बन्न सक्नेछ। अझ नेपालको ऐतिहासिक प्रवृत्तिबाट बुझ्न सकिन्छ- जनताले राष्ट्रघाती चरित्रलाई सबैभन्दा ठूलो अपराध एवम् दुस्मनका रूपमा लिने गरेका छन्। समय-समयमा राष्ट्रियताका सवालमा गल्ती गरेकै कारण काङ्ग्रेस कमजोर बन्न पुगेको हो। देशको स्वाधीनताबारे काङ्ग्रेसको बुद्धि अझै फिरेन भने डुब्नुबाहेक अर्को उपाय रहनेछैन।

एमसीसीलाई लिएर अमेरिकाले अनावश्यक रूपले चीनलाई घोचेपछि चीनले पनि आफ्नो टिप्पणी सार्वजनिक गरेको छ। विश्व-अर्थराजनीतिक अन्तर्विरोध एवम् सङ्घर्षमा उनीहरूबीचका क्रिया-प्रतिक्रिया स्वाभाविक देखिए पनि नेपाल र नेपालीका लागि यो अवस्था थप चुनौतीपूर्ण बन्न पुगेको छ। हामीले स्पष्ट गर्नुपर्छ नेपालका लागि राष्ट्रिय स्वाधीनता आजको सबैभन्दा मुख्य मुद्दा हो। अमेरिका र नेपाली काङ्ग्रेसले बुझ्न र आत्मसाथ गर्न सके भने अन्तर्राष्ट्रिय खेल मैदानबाट नेपाल सजिलै बाहिर आउन सक्छ तर जबर्जस्ती आफ्नो अतिक्रमणकारी सोच र दलाली स्वार्थ लाद्न खोजेमा नेपाली राजनीति अकल्पनीय सङ्घर्षको चरणतिर प्रवेश गर्न बाध्य हुने देखिन्छ।

राष्ट्रिय स्वाधीनताको सङ्घर्षमा क्रान्तिकारी एवम् देशभक्त शक्तिहरूको सङ्घर्षलाई प्रभावित पार्न नसक्ने भएपछि अमेरिका र नेपाली काङ्ग्रेसले संसद्मा रहेका दलहरू विशेषतः माके, एस र उपेन्द्र यादवलाई सरकारको गठबन्धनको प्रभावमा पारेर विचलित गर्न खोजिरहेका छन्। आजसम्मको सङ्घर्षमा यी पार्टीहरूको भूमिका अग्रगामी एवम् जनपक्षीय रहेको छ। तर यिनीहरूभित्र पनि अनेक खालका सोचाइहरू देखापर्ने निश्चित छ। केहीले सत्ता र सरकारलाई मुख्य बनाएर सङ्घर्षलाई कमजोर बनाउने सम्भावना पनि छ। तर इमानदार नेताहरूले केमा ध्यान दिनुपर्छ भने सरकारको भागबन्डालाई देशको स्वाधीनतामाथि सौदाबाजी गर्ने तहसम्म गिर्न दिनु हुँदैन। कुनै पनि बहानामा माके र एसहरू काङ्ग्रेससँग साँठगाँठ गरेर एमसीसी अनुमोदन गर्ने वा अनुमोदनलाई मद्दत पुर्‍याउनेतिर घुमे भने देशले अकल्पनीय क्षति बेहोर्नुपर्ने छ नै त्यसको साथमा राष्ट्रघात गर्ने पार्टी र नेताहरूले पनि निकै महँगो मूल्य चुकाउनुपर्ने छ। तसर्थ कुनै पनि स्थिति, स्वार्थ र बहानामा राष्ट्रमाथि एमसीसी लादिने अवस्था उत्पन्न हुन दिनु हुँदैन।

सङ्क्षेपमा भन्दा आज राष्ट्रघाती प्रवृत्ति र अमेरिकी हस्तक्षेपका विरुद्ध राष्ट्रिय स्वाधीनताको जुन सङ्घर्ष विकास भएको छ यो देशका लागि प्रशंसनीय एवम् खुसीको विषय हो। यो सङ्घर्षमा सहभागी बनेका सबै देशभक्त, अग्रगामी, रूपान्तरणकारी, क्रान्तिकारी शक्तिले न्यूनतम् रूपमा एमसीसीलाई खारेज गर्ने तहसम्म पुग्नुपर्छ भने अधिकतम रूपमा सम्भव भए देशबाट दलाल पुँजीवादी एवम् संसदीय व्यवस्थालाई परिवर्तन गर्ने, यसका ठाउँमा श्रमिक जनताको वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्ने स्तरसम्म पुग्न जोड लगाउनुपर्छ। यो परिणामका लागि कसले के योगदान गर्नुपर्छ आ-आफ्नो ठाउँमा सबै तयार बनौँ। ७ फागुन, २०७८

## एमसीसीविरुद्ध शक्तिशाली ....

बन्दमा जनस्तरबाटै व्यापक सहयोग र समर्थन प्राप्त भएको आन्दोलनकारी दलले बताएका छन्। सरकारले आन्दोलनकारीलाई देशव्यापी गिरफ्तार गरी दमन गरे पनि ठाउँठाउँमै टायर बालेर प्रदर्शन गरिएको थियो। बन्दका कारण यातायातका साधन, शैक्षिक संस्था, पसल, कार्यालय, अन्य सङ्घसंस्थालगायत ठप्प भएका थिए।

पाँच दल र एक मोर्चाद्वारा मङ्गलबार जारी विज्ञप्तिमानेपाली जनताको एमसीसी कम्प्याक्टविरोधी सङ्घर्ष र शेरबहादुर देउवा सरकारलगायत अमेरिकी साम्राज्यवादका दलाल एवम् एमसीसी कम्प्याक्टका पिछलग्गुहरूबीचको पेचिलो सङ्घर्षको मोर्चाका क्रममा अमेरिकी साम्राज्यवादको हस्तक्षेप, दबाब एवम् धम्की र देउवा सरकारलगायत राष्ट्रघाती एवम् जनघाती दलालहरूको आत्मसमर्पणका कारण फागुन ४ गते बोलाइएको संसद् बैठकमा एमसीसी कम्प्याक्ट सदनमा टेबुल गर्ने र पारित गर्ने अन्तिम प्रपञ्च गरिराखेको र उक्त राष्ट्रघाती षड्यन्त्रविरुद्ध राष्ट्रिय मुक्ति आन्दोलन सञ्चालन गर्नु आवश्यक रहेको उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ, 'एमसीसी कम्प्याक्टले नेपाली राष्ट्रिय स्वाधीनताको आन्दोलनमा सर्वाधिक रूपमा निम्त्याउने अमेरिकी साम्राज्यवादी हस्तक्षेपका विरुद्ध नेपाली जनताले कठोर सङ्घर्ष गर्दै आइरहेको छ। जसको परिणाम एमसीसी कम्प्याक्टलाई संसद्बाट पारित गराउने विगतका दलाल सरकार र वर्तमान देउवा सरकारको रणनीतिक योजना सफल हुन सकेको थिएन, बरु सरकारी गठबन्धन र संसद्वादी दलभित्रै नेपाली जनताको एमसीसी कम्प्याक्टविरोधी सङ्घर्षले पैदा गरेका अन्तरविरोध एवम् अवरोधहरूको सामना गर्नुपरेको थियो।'

संयुक्त विज्ञप्तिमा अगाडि भनिएको छ, 'नेपाली जनताको एमसीसी कम्प्याक्टविरोधी सङ्घर्ष र शेरबहादुर देउवा सरकारलगायत अमेरिकी साम्राज्यवादका दलाल एवम् एमसीसी कम्प्याक्टका पिछलग्गुहरूबीचको पेचिलो सङ्घर्षको मोर्चाका क्रममा अमेरिकी साम्राज्यवादको हस्तक्षेप, दबाब एवम् धम्की र देउवा सरकारलगायत राष्ट्रघाती एवम् जनघाती दलालहरूको आत्मसमर्पणका कारण फागुन ४ गते बोलाइएको संसद् बैठकमा एमसीसी कम्प्याक्ट सदनमा टेबुल गर्ने र पारित गर्ने अन्तिम प्रपञ्च गरिराखेका छन्। उपरोक्त राष्ट्रघाती षड्यन्त्रविरुद्ध राष्ट्रिय मुक्ति आन्दोलन सञ्चालन गरिराखेका देशभक्त नेपाली जनतालाई सह्य छैन। एमसीसी कम्प्याक्टलाई खारेज गर्ने सशक्त र उच्च तहको सङ्घर्षको कार्यक्रम अनिवार्य बन्न पुगेको छ।'

विज्ञप्तिमा भनिएको छ, 'हाम्रो राष्ट्रिय स्वाधीनतामाथि खतरा निम्त्याउने एमसीसी कम्प्याक्टका विरुद्ध उच्च तहको जुझारु एवम् प्रभावकारी सङ्घर्षको कार्यक्रमबाट देउवा सरकार र नेपाली दलालहरूको फागुन ४ गते संसद्मा एमसीसी कम्प्याक्ट पेस गर्ने र पारित गर्ने षड्यन्त्रलाई परास्त गर्नु हामी सङ्घर्षरत ५ कम्युनिस्ट पार्टी र १ मोर्चाको आफ्नो कर्तव्य र राष्ट्रिय स्वाधीनताको आन्दोलनको ऐतिहासिक आवश्यकता ठानेका छौं। विषयको यही गाम्भीर्यलाई दृष्टिगत गरी फागुन १ गते घोषणा गरिएको देशव्यापी विरोध प्रदर्शन र सभा कार्यक्रमलाई गुणात्मक रूपमा विकास गरी तपसिलबमोजिम सार्वजनिक गरेका छौं। घोषित सङ्घर्षको कार्यक्रमलाई भव्य रूपमा सफल पारी देउवा सरकारको एमसीसी कम्प्याक्ट पारित गराउने गुरुयोजनालाई नेस्तनामुद पार्न देशका कम्युनिस्ट क्रान्तिकारी, सच्चा लोकतन्त्रवादीहरू देशभक्त शक्तिहरू मजदुर, किसान मध्यम वर्ग राष्ट्रिय उद्यमी, व्यवसायी, विद्यार्थी, बुद्धिजीवी, शिक्षक, व्यापारी, कर्मचारी, सुरक्षा क्षेत्र, साहित्यकार, कलाकार, पत्रकारलगायत सम्पूर्ण राष्ट्रप्रेमी नेपाली जनतामा हार्दिक आह्वान गर्दछौं।'

नेकपालगायत देशभक्त र क्रान्तिकारी दल, शक्ति र जनताले राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर्न माग गर्दै लामो समयदेखि सडक सङ्घर्ष जारी राखेका छन्।

बन्दको पूर्वसन्ध्या र बुधबार बिहान रामेछाप, कञ्चनपुर, दोलखा, मकवानपुर, कैलाली, काठमाडौं, दाङ, उदयपुर, रुकुम, सिन्धुपाल्चोक, इलाम, नवलपरासीलगायत विभिन्न जिल्लामा मसाल जुलुस, कोणसभा र ऱ्यालीहरू निकालिएका थिए।

## कार्यालयमै मदिरा ....

लगाएको छ। उपाध्यायले तुर्माखाद गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रेमबहादुर बुढा, तुर्माखाँद ४ का वडाध्यक्ष कविराम बयक, नेकपा इन्चार्ज कविन्द्र शाही र टेकबहादुर खड्का प्रहरी हबल्दारलगायतको रोहबरमा माफी मागेका थिए। उपाध्याय नेपाल कम्युनिस्ट पार्टी एमालेका नेता हुन्।

अध्यक्ष उपाध्यायले सोमबार दिउँसो कार्यालयमा मदिरा पिएर सेवाग्राहीलाई अपशब्द प्रयोग गर्दै गाली गरेपछि नेकपाले नियन्त्रणमा लिई कार्यकारीलाई बुझाएको जानकारी नेकपाका तुर्माखाँद गाउँपालिका इन्चार्ज कविन्द्र शाहीले दिएका छन्। वडाध्यक्ष उपाध्यायले नियमित मदिरा पिएर कार्यालय जाने र सडकमै पल्टिने गरेको रिपोर्ट पार्टीमा परेको पनि इन्चार्ज शाहीले बताए।

## नेकपाका महासचिव ....

धन्यवाद एवम् आभार व्यक्त गर्दछौं। साथै प्रतिरोध सङ्घर्ष गर्दा दमनमा परी घाइते हुनुभएका सबै जागरुक नागरिकको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।'

महासचिव विप्लवको विज्ञप्तिमा अगाडि भनिएको छ, 'एमसीसी राष्ट्रघाती छ भन्ने निष्कर्ष एवम् आफ्नै नेता, कार्यकर्ता र सांसदहरूको विरोधका विपरीत गएर माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले जसरी संसद्मा पेस गर्ने सहमति दिए, यसको हामी कडा रूपमा विरोध गर्दछौं। साथै ती पार्टीका नेतृत्वमा रहेको अकर्मण्यता, दोहोरो चरित्र एवम् अवसरवादप्रति पार्टीका नेता-कार्यकर्ता सचेत नहुने हो भने सरकार र कुर्सीस्वार्थकै लागि पास गर्ने अवस्थासम्म पुग्नसक्ने खतरा देखिएको छ। त्यसो गरियो भने देशलाई अकल्पनीय क्षति पुर्‍याउनेछ नै, पार्टीहरूको अवस्था पनि के हुन्छ भन्न सकिनेछैन। तसर्थ यो गम्भीर अवस्थामा देशका सबै कम्युनिस्ट, देशभक्त, प्रगतिशील लोकतन्त्रवादी, वामपन्थी शक्ति एवम् नागरिकहरू एमसीसी खारेज नभएसम्म विशेष रूपले सचेत एवम् जागरुक बन्न र राष्ट्रिय स्वाधीनताको सङ्घर्षमा जोडदार रूपले सहभागी बन्न विशेष आग्रह गर्दछौं।'

## सहिदका बुबाप्रति ....

आकाशका बुबा शिवराज न.पा. वडा नं. ९ नारीकोट टोल निवासी कर्णबहादुर परियारको ६८ वर्षको उमेरमा हिजो फागुन ४ गते राती उपचारका क्रममा सञ्जीवनी हस्पिटल चन्द्रौटामा असामयिक निधन भएकोमा हाम्रो कपिलवस्तु पार्टी दुखित भएको छ। मृतक कर्णबहादुर परियारप्रति जिल्ला पार्टी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। साथै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ।'

## एमसीसीका विषयमा ....

छिमेकी र विकास साझेदारका रूपमा चीनले नेपाली जनतालाई आफ्नो विकासपथ छनोट गर्न सहयोग जारी राख्छ र आफ्नो देशको हितअनुकूल निर्णय लिने र जनताको इच्छा प्रदर्शित हुनुलाई समर्थन गर्छ।'

अमेरिकाले आफ्नो सहयोग परियोजना एमसीसी अनुमोदनका लागि २८ फेब्रुअरी अर्थात् १६ फागुनसम्म समय दिएको छ। दलहरूबीच सहमति जुट्न नसकेपछि २७ माघमा अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी वली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई फोन गरेर एमसीसी फिर्ता भए चीनले हस्तक्षेप गरेर आफ्नो अनुदान सहयोग स्थगित गराएको बुझ्ने चेतावनी दिएका थिए।

यसैबीच अमेरिकी राजदूत ऱ्यान्डी बेरीले एमसीसीको विषयलाई लिएर खुला बहसको समर्थक रहे पनि अमेरिकाले हिंसा वा हिंसा भड्काउने किसिमका विचार नस्वीकार्ने चेतावनी दिएका छन्। शुक्रबार दूतावासको आधिकारिक अकाउन्टबाट ट्विट गर्दै राजदूत बेरीले भनेका छन्, 'हामी वाक्स्वतन्त्रता र तथ्यमा आधारित खुला बहसको बलिया समर्थक हौं। एमसीसीका विषयमा पनि हाम्रो धारणा त्यही हो।'

उनले एमसीसीबारे हिंसा भड्काउने विचारहरू स्वीकार्न नसकिने बताएका छन्। 'आफ्नो विचार व्यक्त गर्न पाउनु लोकतन्त्रको अन्तरनिहित विषयवस्तु हो र सबैलाई आफ्नो धारणा शान्तिपूर्वक राख्न छूट हुनुपर्छ', ट्विटमा उनले भनेका छन्, 'तर हिंसा वा हिंसा भड्काउने किसिमका विचारहरू स्वीकार्य हुँदैनन्।'

## चौतर्फी विरोधका ....

रिहर्सल गरेर देखायो।

काठमाडौँमाएमसीसीविरुद्धआन्दोलनमाउत्रिएका राजनीतिकर्मीमाथि पाँचदलीय गठबन्धन सरकारले गोली प्रहार गऱ्यो। प्रहरीले आन्दोलनकारीमाथि पानीको फोहोरा, लाठी, अश्रुग्याँसका साथै गोली नै प्रहार गरेर घाइते बनायो। सरकारले पुष्टि नगरे पनि आन्दोलनकारी र सञ्चारकर्मीले प्रहरीले रबरका गोली प्रहार गरी घाइते बनाएको पुष्टि गरेका छन्। गोली लागेर कति आन्दोलनकारी घाइते भए भन्ने एकिन नभए पनि कयौँ घाइतेलाई अस्पताल लगिएको छ। यसअघि लाठी, अश्रुयाँस र पानीका फोहोरा प्रहार गरी सयौँ आन्दोलनकारीलाई घाइते बनाइएको थियो। लाठी लागेर रातो खबरकर्मी धनराज शाहीसमेत घाइते भएका छन्।

देउवा सरकारले जबर्जस्ती सदनमा राष्ट्रघाती एमसीसी सम्झौता टेबुल गरेपछि काठमाडौँ नयाँबानेश्वर क्षेत्र रणमैदान बन्यो। सरकारले अन्दोलनकारीमाथि अश्रुग्याँसका साथै पानीका फोहोरा प्रहार गरी घाइते बनाउँदै गिरफ्तार गरेपछि आन्दोलनकारीहरू अझ आक्रोशित बन्दै प्रहरीविरुद्ध जाइलागेका थिए। प्रदर्शनकारी र प्रहरीबीचको भिडन्तले बानेश्वर क्षेत्र रणमैदान बनेको थियो। देशभरि नै ६ राजनीतिक दल, २ मोर्चा, देशभक्त र क्रान्तिकारी जनताले एमसीसीविरुद्ध शक्तिशाली प्रदर्शन गरेका छन्।

प्रहरीको दमनका कारण काठमाडौँमा कयौँ आन्दोलनकारी घाइते भएका छन्। कयौँलाई गिरफ्तार गरिएको छ। पाँचदलीय गठबन्धनको देउवा सरकारले एमसीसीविरुद्ध संसद् भवन घेराउ गरिरहेका आन्दोलनकारीमाथि दमन र ज्यादती बढाएको छ। आन्दोलनकारीहरू प्रहरीले निषेधित क्षेत्र भनी राखेका अवरोध (ब्यारिकेट) हरू तोड्दै संसद् भवनतिर अघि बढेपछि नयाँबानेश्वर क्षेत्र रणभूमि बनेको हो। आन्दोलनका अरू दिनभन्दा ८ गते नयाँबानेश्वर क्षेत्र बढी तनावग्रस्त देखियो। आन्दोलनकारीहरूले निषेधित क्षेत्र तोड्ने र प्रहरीले दमन गर्दै अश्रुग्याँसको सहारा लिएको थियो। प्रहरीले सडकमा लगाएको बार हटाएर प्रदर्शनकारी अघि बढेपछि प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहोरा र अश्रुग्याँस प्रहार गरेको थियो।

### एमसीसी पारित गरिए देशमा गृहयुद्ध हुने चेतावनी

राष्ट्रघाती एमसीसीविरुद्ध नेपाल कम्युनिस्ट पार्टीसहित ६ दल र दुईवटा मोर्चाको आयोजनामा संसद् भवन अगाडि नयाँबानेश्वरमा प्रदर्शन भएको छ। संयुक्त विरोध प्रदर्शनलाई सम्बोधन गर्दै कुनै वक्ताले नेपालको संसद्बाट पास गर्ने कुचेष्टा गर्न खोजे जिउँदो नछाड्ने चेतावनी दिए भने कुनै वक्ताले देशमा गृहयुद्ध हुने चेतावनी दिए।

विरोध प्रदर्शनलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चिरन पुन 'मिलन' ले एमसीसी पारित गरेमा नेपाली जनताले 'शेरबहादुर देउवालगायत राष्ट्रघात गर्नेहरूको टाउको काटेर बानेश्वरको सडकमा फुटबल खेल्ने' चेतावनी दिए। संसद्मा एमसीसी टेबल भएमा फ्रान्सका राजा लुई सोह्रौँको हालत बनाइदिने उनको चेतावनी थियो।

नेकपा नेता पुनले भने, 'देउवाजी! तपाईंको इतिहास राम्रो छैन। तपाईं निरङ्कुश हुनुहुन्छ। इतिहासले एउटा मौका दिएको छ। राष्ट्रघाती र जनघाती काम नगर्नुहोस्। मर्ने बेलामा जनताको आन्दोलनमार्फत बहिर्गमित हुँदै देश छोड्ने स्थिति नआओस्। अहिले जनतामाथि तिमीहरूको आदेशमा दमन गर्ने सुरक्षाकर्मीहरूले पनि त्यतिखेर जनतालाई साथ दिनेछन्। त्यस्तो हालत हुनुभन्दा एमसीसी फिर्ता पठाउनुमै सबैको भलाइ छ।'

उनले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई पनि सडकमा आउन आग्रह गरे। 'माओवादी केन्द्रका केही साथीहरूलाई पनि फाट्टफुट्ट सडकमा देखेको छु। कि सर्लक्कै सडकमा आउनुहोस्, नाटक नदेखाउनुहोस्', उनले भने, 'राष्ट्रिय स्वाधीनताको आन्दोलनमा सत्ता छोडेर जनताको बीचमा आउनुहोस्।'

### देश गृहयुद्धमा जान सक्छ : गजुरेल

कार्यक्रममा सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले एमसीसी पास भए देश गृहयुद्धमा जानसक्ने बताए। उनले नेपाली काङ्ग्रेस प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसँग मिलेर एमसीसी पास गराउने षड्यन्त्रमा लागिरहेकाले एमसीसी पारित भएमा देशमा विकराल अवस्था उत्पन्न हुने पनि बताए।

नेता गजुरेलले कतिपयले एमसीसीलाई ५० करोड डलरमा मात्रै सीमित गरिरहेको भन्दै युद्धलाई पैसाले रोक्न नसकिने प्रस्ट पारे। उनले प्रधानसेनापतिले पूर्वमा गएर देश विदेशीको हातमा सुम्पिए नेपाली सेना चुप लागेर नबस्ने बताएको भन्दै नेपालको राष्ट्रिय स्वाधीनतामाथि बाह्य हस्तक्षेप भयो भने राष्ट्रिय युद्ध हुनसक्नेमा जोड दिए।

राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेलले सडक र संसद्मा एमसीसीबारे आन्दोलन गरिरहेको बताइन्। उनले एमसीसी राष्ट्रघाती रहेकाले कुनै पनि हालतमा पारित गर्न नदिने बताइन्। उनले एमसीसीमा अनन्तकालसम्म नेपाललाई बन्देज बनाउने कुरा समावेश भएकाले यो नेपाली जनतालाई स्वीकार्य नहुने बताइन्।

विरोध सभालाई नेकपा (क्रान्तिकारी माओवादी) का पोलिटब्युरो सदस्य दिनेश शर्मालगायत विभिन्न पार्टी र मोर्चाका नेताहरूले सम्बोधन गरेका थिए।

यसअघि एमसीसीविरुद्ध आन्दोलनरत ६ कम्युनिस्ट पार्टी र २ वटा मोर्चाले आइतबार काठमाडौँमा संसद् भवन र देशभरका जिल्ला प्रशासन कार्यालय घेर्ने निर्णय गरी विज्ञप्ति प्रकाशित गरेका थिए।

६ दल र २ मोर्चाले शनिबार नेकपाको केन्द्रीय कार्यालय बुद्धनगरमा बैठक गरी काठमाडौँ उपत्यकामा माइतीघरमण्डलबाट विरोध प्रदर्शनसहित नयाँबानेश्वर स्थित संसद् भवन घेर्ने र देशभरका जिल्ला प्रशासन कार्यालय घेराउ गर्ने जनसङ्घर्षको कार्यक्रम घोषणा गरेका थिए।

बैठकले अमेरिकी राजदूत ऱ्यान्डी बेरीको ट्विट, चीनको विदेश विभागको पत्रकार सम्मेलनबाट व्यक्त धारणा र देउवा सरकारको एमसीसी संसद्मा टेबुल गरी पारित गराउने अन्तिम कसरतले नेपाली जनताको एमसीसीविरुद्धको सङ्घर्ष गम्भीर मोडमा पुगेको निष्कर्ष निकालेको छ। बैठकले घोषित जनसङ्घर्षको कार्यक्रममा व्यापक सहभागिता र उच्च सफलताका निम्ति एमसीसीका विरुद्ध सङ्घर्षरत सबै शक्ति र आमजनसमुदायमा विनम्र अनुरोध पनि गरेको थियो।

बैठकपछि नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव, नेपाल कम्युनिस्ट पार्टी (मसाल) का महामन्त्री मोहनविक्रम सिंह, नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', नेकपा माओवादी केन्द्र समाजवादीका अध्यक्ष सुशील, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेल, राष्ट्रिय जनमोर्चा नेपालका अध्यक्ष चित्रबहादुर केसी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका संयोजक आहुतीले जारी गरेको संयुक्त प्रेस विज्ञप्तिमा एमसीसी जुनसुकै मूल्यमा खारेज गरी राष्ट्रिय स्वाधीनताको रक्षाको सवालमा आफूलाई आन्दोलित गरिरहेका नेपाली जनताका अगाडि जनसङ्घर्षको कार्यक्रमलाई उच्चता र व्यापकता प्रदान गर्नु आफ्नो कर्तव्य हुन आएको उल्लेख थियो।

## महासचिव विप्लवद्वारा ....

२०७८ साल फागुन चार गते ८८ वर्षको उमेरमा निधन भएको खबरले हाम्रो पार्टीलाई दुःखी बनाएको छ। मृतक पदमकुमारी गुरुङप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं र कमरेड उमाका साथै मृतकका तीन छोरी, एक छोरालगायत शोकसन्तप्त सम्पूर्ण आफन्तजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।'

उमा गुरुङ तमु मुक्ति मोर्चाकी पूर्वकोषाध्यक्ष र जनगणतान्त्रिक सम्पर्क मञ्चकी पूर्वउपाध्यक्ष हुन्। उनलाई जनयुद्धको समयमा तत्कालीन सरकारले ८ महिनासम्म बेपत्ता बनाएको थियो। केपी वली-पुष्पकमल दाहाल सरकारले नेकपामाथि प्रतिबन्ध लगाएको समयमा उमाले २५ दिनसम्म प्रहरी हिरासतमा बन्दी जीवन बिताएकी थिइन्।

## ८ राजनीतिक दलद्वारा ....

गर्दा नेपाल कम्युनिस्ट पार्टी क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य क. वसन्त बोगटी, प्रदेश सदस्य क. सुनिता बुढाथोकी, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीको जिल्ला सदस्य कमरेड भूपाल सेन्चुरीलगायत मुकेश चन्द, विप्लव खड्का, सन्तोष प्रधान, सरराज उप्रेती, मनकुमार बुढाथोकी, भीम खड्का, भूपाल विक, श्रीकृष्ण पाण्डे, चन्द्रकुमार खड्का, लालबहादुर तामाङ, अर्जुन कटुवाल, सुदीप बिस्ट, किरण देउवा, रञ्जित खड्का, वीरेन्द्र थापासहितका योद्धाहरुलाई गिरफ्तार गरी हालसम्म हिरासतमा राखेको छ। बन्दी नेता, कार्यकर्ता र जनताको तुरुन्त ससम्मान रिहा गर्न सरकारसँग जोडदार माग गर्दछौं।

४. एमसीसी कम्प्याक्टलाई संसद्बाट पारित गराउने देउवा सरकार र गठबन्धनका विरुद्ध निम्नानुसार आगामी जनसङ्घर्षको कार्यक्रम घोषणा गरेका छौं। घोषित जनसङ्घर्षको कार्यक्रममा सक्रिय सहभागी भई भव्य रूपमा सफल पार्न र एमसीसी कम्प्याक्टलाई खारेज गर्न देशभक्त नेपाली जनतामा हार्दिक अनुरोध गर्दछौं।



IME
www.imeremit.com.np

छिटो, छरितो र भरपर्दो माध्यम
आइएमई बाटै पैसा पठाऔँ

Toll Free
16600 151515
+977 1 4430600
+977 1 4425800
info@imeremit.com.np
facebook.com/imeremit


**एकीकृत जनक्रान्ति – जिन्दावाद !**

## सहिद सप्ताह २०७८ को हार्दिक शुभकामना !

राष्ट्रियता, जनतन्त्र, जनजीविकाको रक्षा र वैज्ञानिक समाजवाद स्थापनाका लागि नेपाल आमाका असल सन्ततिहरूले निरङ्कुश राणा शासन, पञ्चायतकाल हुँदै महान् जनयुद्ध र एकीकृत जनक्रान्तिसम्म दलाल पुँजीवादी शासन व्यवस्थाविरोधी क्रान्तिमा दसौँ हजारको सङ्ख्यामा बलिदान गरेका छन् । सहिद सप्ताह महान् जनयुद्धले स्थापित गरेको क्रान्तिकारी पर्व हो । २७ औँ जनयुद्ध दिवस र सहिद सप्ताह २०७८ को ऐतिहासिक अवसरमा जनयुद्ध र सहिद सप्ताहप्रति विशेष गौरव व्यक्त गर्दै महान् सहिद–बेपत्ता योद्धाप्रति विशेष स्मरण, सम्मान र श्रद्धा व्यक्त गर्दछौँ र सहिद परिवार, बेपत्ता योद्धा परिवार, घाइते योद्धाहरु र आमश्रमिक जनताप्रति हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**असल**
कार्यालय सचिव
**नेपाल कम्युनिस्ट पार्टी**, केन्द्रीय कार्यालय


ज्योति Smart SAVINGS

१ खाता ३ सुविधा

बचत डिम्याट मेरो शेयर



रू.0/- मा खाता खोल्न सकिने
नि:शुल्क DEMAT CASBA MEROSHARE
नि:शुल्क DEBIT CARD, SMS MOBILE/INTERNET BANKING

7.25% p.a

सम्पूर्ण १११ शाखाहरूबाटै उपलब्ध ।

परिवर्तनको ज्योति

केन्द्रीय कार्यालय: कमलपोखरी-०१, काठमाण्डौं
फोन नं.: ०१-४५४०३२४,५९७०३०६-१०, ४४४५२७५/७९
फ्याक्स नं.: ०१-४४४२१९२, ४१६८५८१
ईमेल: info@jbbl.com.np
वेबसाइट: www.jbbl.com.np

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था"


## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई–सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा नि:शुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।

२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।

३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।

४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

| | | |
|---|---|---|
| **जमिरुदिन मन्सुर** | **रेणुकादेवी काफ्ले** | **राजकुमार दास** |
| नगर प्रमुख | उप- प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

# हरिपुर नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय, हरिपुर, सर्लाही**
**मधेस प्रदेश**

## कोरोना भाइरसबाट बच्ने उपायहरु




# छथर गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**
**सुक्रबारे, तेह्रथुम**

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई झल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

**नेपाल आयल निगम लिमिटेड,**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ